का.जि.प्र.का.द.नं. १००/०५९/६०

२ वैशाख २०७९,
शुक्रबार
15 April 2022,
Friday


मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६९ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# दबावमा देउवा



पाँच दलीय सत्ता गठबन्धनलाई टिकाउनु छ, पार्टीभित्रको आन्तरिक असन्तुष्टीलाई मिलाउनु छ र चुनावमा आफुले नेतृत्व गरेको पार्टीलाई ठुलो दल बनाउनु छ ।



गठबन्धनका सहयात्री दलहरुलाई चुनावमा तालमेल गर्ने आश्वासन दिएकाले सभापति देउवालाई आफ्नै पार्टीमा समझदारी बनाउन कठिन छ । तर, यसको विकल्प पनि छैन् ।

**रमेश लेखक**
नेता, नेपाली कांग्रेस

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ बैशाख ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा स्थानीय तह केन्द्रीत भएका छन् । तर, प्रधानमन्त्री देउवालाई चुनावको तयारी सहज देखिएको छैन । पाँच दलीय सत्ता गठबन्धनलाई टिकाउनु छ, पार्टीभित्रको आन्तरिक असन्तुष्टीलाई मिलाउनु छ र चुनावमा आफुले नेतृत्व गरेको पार्टीलाई ठुलो दल बनाउनु छ। यी तीन वटै बाचा देउवाले गरेका छन्। जो पूरा गराउनुपर्ने दबाव उनलाई सबैतिरबाट छ।

पाँच दलीय गठबन्धनलाई एकढिक्का बनाइराख्न उनले ६ वटा महानगर र ११ वटा उपमहानगरपालिकामा गठबन्धनका तर्फबाट केन्दैले उम्मेदवारको टुंगो लगाउने निर्णय गराएका छन् । यस विषयमा उनले पार्टी भित्रैबाट आलोचना खेप्नु परेको छ। पार्टीको प्रदेश संसदीय दलले पाएको अधिकार गठबन्धनले खोसेको भनेर देउवा दबाव झेल्नु परेको छ।

अर्कोतिर गठबन्धनमा रहेका दलहरुले महानगर र उपमहागरमा नेतृत्व दाबी गरिरहेका छन्। माओवादी केन्द्रले भरतपुर महानगरपालिका र ललितपुर महानगरपालिका नेतृत्वमा दाबी गरेको छ । माओवादीले बिभिन्न उपमहानगरमा पनि दाबी गरेको छ । नेकपा एकीकृत समाजवादीले पोखरा र काठमाडौंमध्ये एक महानगर माग गरेको भने उपमहानगरमा पनि दाबी गरेको छ।

जनता समाजवादी पार्टी (जसपा) विरगञ्ज र विराटनगर महानगरपालिकामध्य एक माग गरेको छ। जसपाले पनि उपमहानगरमा नेतृत्व दाबी गरेको छ।

गठबन्धनमा रहेका दलहरुलाई महानगर र उपमहानगर दिँदा कांग्रेसको भागमा दुई वा तीन वटा बाँकी रहन आउने भएकाले देउवालाई कार्यकर्ताको दबाव छ- सक्दासम्म अझै स्थानीय तहको तालमेलको अधिकार सम्बन्धित पार्टी कमिटीहरलाइ नै दिऊँ।

तर, अब यो विषयमा देउवा पुर्नबिचार गर्न सक्ने ठाउँमा छैनन् किनभने उनी गठबन्धनको सरकार चलाइरहेका छन र अहिलेको गठबन्धनलाई संघीय चुनावसम्मै लगेर पुन:प्रधानमन्त्री बन्न चाहन्छन् । कांग्रेस नेता रमेश लेखक भन्छन्, 'गठबन्धनका सहयात्री दलहरुलाई चुनावमा तालमेल गर्ने आश्वासन दिएकाले आफ्नै पार्टीमा समझदारी बनाउन कठिन छ। तर, यसको विकल्प पनि छैन्।'

खासगरी महाधिवेशनमा देउवाका प्रतिस्पर्धी डा. शेखर काइराला पक्षले 'कांग्रेस कार्यकर्ताले रूख चिह्नमा मात्र मतदान गर्ने' बताउँदै आएको छ। जसका कारण देउवाले अधिकार प्रयोग गरी तालमेलको निर्णय गराए पनि व्यावहारिक रूपमा कार्यान्वयन हुन कठिन हुने कोइराला पक्षका नेताहरुले बताउँदै आएका छन्।

केन्द्रीय कार्यसमितिमा कमजोर उपस्थिति रहे पनि कार्यकर्ता पंक्तिको ४० प्रतिशत हैसियत लिएका कांग्रेस शेखर कोइराला कुनै पनि तहको चुनावी तालमेल गर्न नहुने बताउँदै आएका नेता हुन्। कोइरालाका साथमा रहेका उपसभापति गुरुङ, महामन्त्री गगनकुमार थापा, चन्द्र भण्डारी, मीनेन्द्र रिजाललगायत अधिकांश नेता एक्लै चुनाव लड्नु उचित हुने खुलमखला कबताइरहेका छन्।

महामन्त्री गगन थापाले चुनावी तालमेलको संस्कृति ठीक नभएको तर पार्टीको निर्णय भएका कारण मान्नुपरेको सार्वजनिक अभिव्यक्ति दिइरहेका छन्। यसले पनि कांग्रेसभित्र तालमेलबारे कुन हदसम्मको अन्तरविरोध छ भन्ने देखाउँछ।

तालमेलका लागि स्थानीय तहकै जिम्मामा छाड्दा गठबन्धनबाहिर गएर एमालेसँग समेत मिल्न सक्ने भएकाले पार्टीले नीतिगत निर्णय लिनुपर्ने भएको देउवा पक्षका नेताहरुको भनाइ छ।

'तालमेल हुँदा गठबन्धन दलसँगै हुनुपर्छ।

– बाँकी पृष्ठ २ मा

# एक्सनमा आयोग



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १ बैशाख ।

निर्वाचन आयोगले आचारसंहितामा पालनामा कडाइ गरेको छ । उल्लंघन गर्नेहरुमाथि स्पष्टिकण सोधेर आयोग एक्सनमै उत्रिएको छ । आचारसंहिता उलंघनको आरोपमा नेकपा माओवादी केन्द्र, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र गण्डकी प्रदेश पोखराका सभामुख नेत्रनाथ अधिकारीसँग स्पष्टीकरण सोधिएको छ।

नेकपा माओवादी केन्द्रले कुलमान घिसिङको फोटो प्रयोग गरी चुनावी प्रचारप्रसार गरेको भन्दै आयोगले घिसिङसँगै जवाफ मागेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । उनका अनुसार, एक हप्ताभित्र तीन बुँदामा चित्तबुझ्दो जवाफ माग गरिएको छ। 'उनको अनुमति लिएर हो वा होइन र अनुमति लिएर भए किन र अनुमति बिना नै त्यो गरिएको भए किन आयोगलाई जानकारी नगराएको भनेर जवाफ मागिएको हो' प्रवक्ता पौडेलले भनेका छन्। कुलमान घिसिङसँगै उनको तस्बिर प्रयोग गर्ने पार्टी माओवादी केन्द्र सँग पनि स्पष्टीकरण सोधिएको छ।

यस्तै, गण्डकी प्रदेश पोखराका सभामुख नेत्रनाथ अधिकारीसँग पनि स्पष्टीकरण सोधिएको छ। सभामुख अधिकारीले अघिल्लो चुनावमा बढी खर्च गरेको भन्ने अभिव्यक्ति दिएका थिए । सोही अभिव्यक्तिलाई लिएर आयोगले उनीसँग पनि स्पष्टीकरण माग गरेको छ।



आचारसंहिता उलङ्घनका विषयलाई आयोगले नोटिस गरिरहेको छ । जस मध्ये कतिपयलाई पत्राचार गरिसकेको छ भने कतिपयको अध्ययन भइरहेको छ ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

उनले बुधबार पोखरामा आयोजित कार्यक्रममा आफूले निर्वाचन खर्च विवरण ढाँटेर पेश गरेको बताएका थिए । आयोगले उनलाई पत्र लेखी निर्वाचन आयोगमा बुझाएको विवरण सही हो वा होइन भनी प्रश्न गरेको छ। 'तपाईंले निर्वाचन आयोगमा खर्चको विवरण बुझाउँदा यो विवरण सही होइन भनी कुनै फरक मत दर्ता गराउनुभएको थियो थिएन ?' आयोगका उपसचिव सुभासकुमार भट्टराईले पठाएको पत्रमा भनिएको छ।

आयोगले नेकपा एकीकृत समाजवादी र नेपाली कांग्रेसका नेता शंशाक कोइरालासँग पनि स्पष्टीकरण सोधेको छ। एकीकृत समाजवादीले आचारसंहिता विपरित ठुलो आकारको झण्डा प्रयोग गरेको भनेर आयोगले स्पष्टीकरण सोधेको हो। कोइरालाले चुनावी खर्चको विषयमा दिएको

– बाँकी पृष्ठ २ मा

# एमालेमा आकांक्षीको ओइरो

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १ बैशाख ।

नेकपा एमालेबाट काठमाडौं महानगरपालिकामा मेयर पदको उम्मेद्वारका लागि विद्यासुन्दर शाक्य, केशव स्थापित, रामबीर मानन्धर, निर्मल देउला र इन्दिरा पन्तको नाम सिफारिस भएको छ। एमाले महानगर कमिटीले वर्तमान मेयर शाक्य, पूर्व मेयर स्थापित, पूर्वमन्त्री मानन्धर र नेता पन्तको नाम सिफारिस गरेको हो ।

महानगर कमिटीले सिफारिस गरेको नाममाथि अब जिल्ला कमिटीले छलफल गर्नेछ । सर्वसहमति नभएमा केन्द्रीय कमिटीमा सिफारिस हुनेछन्। एमालेले उपमहानगर र महानगरको पदाधिकारी टुंग्याउने अधिकार केन्द्रीय कमिटीलाई दिएको छ।

स्रोतका अनुसार, यसपटक काठमाडौं महानगरका लागि शाक्य र स्थापितको दावी बलियो छ । शाक्य २०७४ को निर्वाचनबाट मेयर निर्वाचित भएका थिए । त्यसबेला पनि स्थापित मेयर पदका दावेदार थिए। तर शाक्यले टिकट पाएपछि स्थापित चुनाव जिताउन लागिपरेका थिए। स्थापित २०५४ मा काठमाडौं महानगरको मेयर बनेका थिए । त्यसबेला शाक्य भने काठमाडौं-२१ वडाका अध्यक्ष जितेका थिए।

विभाजनको चोटसहित स्थानीय चुनावमा होमिएको प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेकपा एमालेभित्र आकांक्षीको संख्या धेरै भएपछि दावी अनुसार सर्वसहमत उम्मेदवार तय हुन सकेको छैन ।

यसपटक भने शाक्य र स्थापितको दावी बलियो रहेको एक नेता बताउँछन् । तर नाम भने पाँच जनाको सिफारिस भएको छ । केन्द्रीय कमिटीमा भने तीन जनाको नाम सिफारिस गर्नुपर्ने भएको छ । तर सहमति नजुटे एमालेले पार्टीभित्रै चुनावको विधि अपनाएको छ। यसअघि झापामा आन्तरिक चुनावको माध्यमबाट तीन जनाको नाम सिफारिस भएका थिए।

पोखरा महानगरपालिकामा पनि उम्मेद्वार सिफारिसमै चुनाव हुने भएको छ । आज मतदान गर्नेगरी तालिका सार्वजनिक भएको छ। पोखरा महानगरमा १२ जनाको

– बाँकी पृष्ठ २ मा

# श्रम कुटनीति र सेवा प्रवाहमा अनलाइन प्रणालीमा सुधार, नयाँ गन्तव्यको ढोका भने खुलेन

वैदेशिक रोजगार विशेष

**अशोक घिमिरे/रासस**
काठमाडौं, १ बैशाख

वर्ष २०७८ नेपालको श्रम कूटनीति विस्तार तथा व्यवस्थित र सुशासनयुक्त सेवा प्रवाहमा उल्लेखनीय रह्यो । विश्वव्यापी कोरोना महामारीका बीच श्रम क्षेत्रमा सुधारका प्रयत्न जारी रहे । लामो समयदेखि कर्मचारीको तहमा सीमित नेपालको श्रम कूटनीतिमा गतवर्ष क्रमभङ्ग भयो । श्रम कूटनीति विस्तारमा सरकारको उच्चस्तरीय प्रतिनिधिमण्डलको सक्रिय सहभागिता रह्यो ।

गत चैत पहिलो साता श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले प्रमुख श्रम गन्तव्य संयुक्त अरब इमिरेट्स (युएई), कतार र पूर्वी अफ्रिकी मुलुकको भ्रमण गरी श्रम कूटनीतिलाई प्रभावकारी बनाउन भूमिका निर्वाह गर्यो। सोही क्रममा श्रममन्त्रीको उपस्थितिमा नेपाल-युएई संयुक्त समितिको दोस्रो बैठक युएईको राजधानी आबुधावीमा सम्पन्न भयो ।

बैठकमा युएईबाट नेपाल सरकारले दक्ष जनशक्ति उत्पादन गर्ने ध्येयले स्थापना गर्न लागेको सीप विकास केन्द्रलाई सहयोग गर्ने, युएईमा रोजगारी गरी नेपाल फर्केका श्रमिकलाई सहयोग गर्ने गरी सञ्चालन हुने पुन:एकीकरण योजनामा नेपाल सरकारको प्रस्तावअनुसार सहयोग गर्ने प्रतिबद्धता व्यक्त भयो । त्यस्तै युएईमा रहेका नेपालीलाई कामका आधारमा विभिन्न १९ क्षेत्रमा वर्गीकरण गरी त्यसमध्ये ५ वटा क्षेत्रमा श्रमिक भर्ना प्रक्रिया पूर्णत: नि:शुल्क गर्ने गरी 'पाइलट प्रोजेक्ट' अघि बढाउन पनि युएई सहमत भयो ।

वैदेशिक रोजगारीका क्रममा युएईमा कार्यरत नेपाली श्रमिकको सामाजिक सुरक्षा, कार्यस्थल सुरक्षा, स्वास्थ्य र बीमाको व्यवस्था, सीप विकास, पारिश्रमिक वृद्धिलगायत विषयमा पनि गम्भीर छलफल भयो । भ्रमणकै दौरान मन्त्री श्रेष्ठ र युएईका मानव संशाधन मन्त्री डा अव्दुलरहमान अव्दुलमानन अल अवारबीच त्यहाँ कार्यरत नेपाली श्रमिकको हितका द्विपक्षीय विचारविमर्श भए। सो क्रममा युएईमा कार्यरत नेपाली श्रमिकको सामाजिक सुरक्षा, कार्यस्थल सुरक्षा, स्वास्थ्य र बीमा, पारिश्रमिक वृद्धिलगायत विषयमा छलफल भएको थियो।

यही अवधिमा नेपाल र पूर्वी अफ्रिकी मुलुक सिसेल्सबीच द्विपक्षीय श्रम सम्झौता गर्ने सहमति भयो। एक महिनाभित्र द्विपक्षीय श्रम सम्झौतालाई टुङ्गोमा पुर्याउन संयुक्त कार्यदल गठन गर्ने दुवै देश सहमत भए । वैदेशिक रोजगारीका लागि नेपाली कामदार लैजान सिसेल्सले नेपाललाई द्विपक्षीय श्रम सम्झौताको प्रस्ताव पठाएको थियो ।

सिसेल्स जाने श्रमिकको न्यूनतम योग्यता, भाषागत क्षमता, न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधा, कामदार छनोट र स्वदेश फिर्तीलगायत विषयमा संयुक्त कार्यदलले अध्ययन थालेको छ । अहिले एक हजार २५० भन्दा धेरै नेपाली सिसेल्समा रोजगारीको क्रममा छन् । सिसेल्समा अहिले सुरक्षागार्डका रुपमा धेरै नेपाली कार्यरत छन् । यसबाहेक होटल तथा पर्यटन क्षेत्रमा पनि केही नेपाली कार्यरत छन् । सिसेल्सले त्यहाँको प्रहरी सेवामा पनि नेपालीलाई रोजगारी दिन सकिने प्रस्ताव गरेको छ ।

श्रम गन्तव्य विविधकरणका विषयमा पनि वर्ष २०७८ उल्लेखनीय रह्यो । गतवर्ष नेपालीलाई उच्च आय हुने मुलुकलाई

– बाँकी पृष्ठ २ मा


नयाँ वर्ष २०७९
को
हार्दिक मंगलमय शुभकामना

बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवं आशा लिएर आउने नयाँ वर्ष २०७९ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवं समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।

शेर्मन ग्लोवल म्यानेजमेण्ट कन्सल्टेण्टस् प्रा.लि.
(साविकको नाम सुर्खेत ओभरसिज प्रा.लि.)
परिवार
सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४७३७०५, ४४९४४५७



चलिरहेको एक म्यानपवार कम्पनीलाई कर्मचारीको आवश्यकता

| सि.नं. | पद | संख्या | उमेर | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| 1 | Receptionist | 3 M/F | 22 To 32 | +2 passed |
| 2 | Executive Secretary | 2 M/F | 25 To 35 | Bachelor Passed |
| 3 | Documentations | 3 M/F | 25 To 40 | Bachelor Passed |
| 4 | General Manager | 1 M/F | 25 To 40 | Bachelor Passed |
| 5 | PRO | 4 | 25 To 40 | Bachelor Passed |

नोट:
- म्यानपवार लाईन मा कम्तीमा २ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।
- सम्वन्धित काममा कम्तीमा २ देखि ५ बर्ष सम्मको ज्ञान हुनुपर्नेछ ।
- सेलरी आपसी सहमतीमा हुने ।

*For more details contact below*
RGC RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu,
Tel: +977-15903550/5903660/5904664
Mobile : +977-9801047340/9851147340 (Whats-app)
Email: md@rajgroupnepal.com Web: www.rajgroupnepal.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# बबईको अध्यक्षमा खत्रीले आइतबारेलाई सहयोग गर्ने



**रामप्रसाद सुवेदी / मध्यान्ह**
बबई, १ वैशाख

नेकपा एमालेका जिल्ला सदस्य प्रेमबहादुर खत्रीले गाउँपालिका अध्यक्षका लागि ज्ञानप्रसाद आइतवारेलाई सहयोग गर्ने बताएका छन् ।

गाउँपालिका अध्यक्षमा आफ्नो दावेदारी राखेका खत्रीले नेकपा एमाले बबईको सचिवालय बैठकमा पुराना जनप्रतिनिधि दोहोरिने अवस्था भएमा आफूले अध्यक्षको दाबी नछाड्ने र नयाँ आउने भए आफूले अर्का आकांक्षी आइतबारेलाई सहयोग गर्ने बताएका हुन् ।

बबई गाउँपालिकामा आउदो स्थानीय तहको निर्वाचनमा गाउँपालिका अध्यक्षका लागि बर्तमान अध्यक्ष भुबनेश्वर पौडेल, पालिका उपाध्यक्ष सावित्री बिश्वकर्मा र आईतबारेले आकांक्षा व्यक्त गरेका छन् ।

यसअघि ४ जना आकांक्षी देखिएकामा खत्रीले आइतबारेलाई सहयोग गर्ने भएपछि अब ३ जना आकांक्षी रहेका छन् । एमालेबाट पालिका उपाध्यक्षका लागि २ जनाले आकांक्षा ब्यक्त गरेका छन् । नेकपा एमाले बबई गाउँ कमिटीका उपाध्यक्ष शारदा शाह र टेकेन्द्रराज अधिकारीले आकांक्षा ब्यक्त गरेका छन् । एमाले बबई भेन सहमति खोज्ने र सहमतीमै नाम सिफारिश गर्ने प्रयासमा देखिएको छ ।

# चार सय थान सेनेटरी प्याड वितरण




**राजेन्द्र महतो / मध्यान्ह**
सिरहा, १ वैशाख

सनराइज युथ सिरहा सञ्जालले लक्ष्मीपुर पतारी गाउँपालिका-४ मा महिनावारी सरसफाइ सम्बन्धी चेतना तथा सेनेटरी प्याड वितरण गरेको छ । 'स्वास्थ्य महिला, स्वास्थ्य परिवार, स्वास्थ्य समाज' नाराका साथ करिब १०० जना महिलालाई निःशुल्क सेनेटरी प्याड वितरण गरेको सञ्जालले जनाएको छ ।

प्रवेश सिंहको पहलमा महिलाहरुलाई ४०० थान प्याड उपलब्ध गराइएको सञ्जालले मध्यान्हलाई जानकारी दिएको छ । कार्यक्रममा महिनावारीको बेलामा सरसफाई, खानपान, हुनसक्ने समस्या, गर्न हुने / नहुने क्रियाकलाप तथा महिनावारीसँग सम्बन्धित विभिन्न तथ्य, यसका सकारात्मक तथा नकारात्मक पक्षका बारेमा जानकारी गराइएको थियो ।

# भूमि प्रशासनमा जनताको गुनासो सम्बोधन गर्न आवश्यक : प्रधानमन्त्री

**काठमाडौं / मस-** प्रधानमन्त्री शेरबहादुर देउवाले भूमि प्रशासनको क्षेत्रमा रहेका गुनासाहरूको सम्बोधन गर्नुपर्ने बताएका छन् । बिहीबार जग्गा प्रशासनमा लिखित रजिस्ट्रेशनको शतवार्षिकी समारोहमा बोल्दै प्रधानमन्त्री देउवाले भूमि प्रशासनको क्षेत्रमा रहेका जनताको गुनासाहरूको यथोचित सम्बोधन गर्दै भूमि क्षेत्रलाई स्वच्छ, स्वचालित, पारदर्शी बनाउन आवश्यक रहेको बताए ।

उनले भूमि प्रशासन सम्बन्धित सेवामा सुशासन अभिवृद्धि गर्दै भूमिको नापजाँच तथा तथ्यांकहरुका थप गुणस्तरीय र विश्वसनीय बनाउन आवश्यक रहेको बताए । प्रधानमन्त्री देउवाले जग्गाको लागत र पुराना ऐतिहासिक अभिलेखहरूको सुरक्षित सेवा व्यवस्थापनलाई प्राथमिकताका साथ अघि बढाउन खाँचो रहेको पनि बताए । उनले भूमि प्रशासनलाई चुस्त बनाउन अहिले मन्त्रालयले सेवा प्रवाहको आधुनिकीकरण गर्ने, अनलाईन प्रणालीबाट जग्गाको कारोबार गरी आफ्नो विवरण आफैँ हेर्नसक्ने कार्यलाई कार्यालय नगएर सेवा प्रवाह गर्न सकिने गरी पूर्वाधार विकास गरेको र यसलाई थप सुदृढीकरण गर्दै जानुपर्नेमा जोड दिए । कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले भूमिहीनलाई जग्गा उपलब्ध गराउने कार्यको शुरुवात भएको बताएकी छन् । भूमिहीन दलित, सुकुम्बासीका लागि जग्गा उपलब्ध गराउने कार्यको थालनी भएको उनको भनाइ थियो । उनले यस कार्य अन्तर्गत सिन्धुली जिल्लाको दुधौली नगरपालिकाअन्तर्गतको मुसहर बस्तीमा दलित समुदायहरुलाई जग्गाधनी पूर्जा वितरण गरिएको पनि जानकारी दिइन् । मन्त्री श्रेष्ठले अनियन्त्रित खण्डीकरणको कारण कृषियोग्य जग्गा विनाश हुँदै गएको भन्दै यसको रोकथामको लागि भू-उपयोग नीति र भू-उपयोग ऐन, लागू भइ कार्यान्वयनमा आइसकेको र भू-उपयोग नियमावली पारित हुने चरणमा रहेको बताइन् ।

---

## दबावमा...

कतै एमालेसँग, कतै अर्कोसँगै हुन पुग्यो भने वातावरण बिग्रिन्छ, त्यसका लागि मात्रै केन्द्रले निर्णय लिने भनिएको हो' सञ्चारमन्त्री एवं कांग्रेस केन्द्रीय सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले भने ।

तीनै तहमा तालमेल

शेखर कोइराला पक्ष कुनै पनि तहको चुनावी तालमेलको पक्षमा नभएपनि देउवाको तयारी तिनै तहको चुनावमा तालमेल गर्ने छ । यो आश्वासन सहयात्री दलहरुलाई दिइसकेका छन् पनि । देउवाका विश्वासपात्र सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले तीनै तहका निर्वाचनमा गठबन्धन हुने पटक पटक बताउँदै आएका छन् ।

उनको भनाइअनुसार पनि प्रधानमन्त्री देउवा तीनै तहको निर्वाचनका लागि बाहिर हल्ला नगरीकन तालमेलको गृहकार्य भित्रभित्रै गरिरहेका छन् । यस विषयमा उनले पार्टीको केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय कार्यसमिति दुवै निकायमा तत्काल छलफल गर्न चाहेका छैनन् ।

औपचारिक रूपमा छलफल गराउँदा पार्टीभित्रै विवाद देखिने र त्यसले तल्ला तहका कार्यकर्तामा नकारात्मक प्रभाव पार्ने भन्दै देउवा पार्टीका शीर्षस्थ नेताहरूबीचकै समझदारीबाट अघि बढ्न खोजेको स्वमं कांग्रेस नेताहरु बताउँछन् ।

मुख्य स्वार्थ संघ

स्थानीय तहमा गठबन्धनकाका बीचमा भइरहेको तालमेलको मुख्य स्वार्थ संघीय चुनावका लागि छ ।

'आउने चुनावपछि कस्तो गठबन्धनमा सरकार बन्ने ? प्रधानमन्त्री को हुने भन्ने स्वार्थले पनि गठबन्धनमा जान देउवा, पुष्पकमल दाहाल र माधव नेपालका लागि बाध्यता भएको नेताहरू बताउँछन् ।

आगामी निर्वाचनपछि पनि आफैं प्रधानमन्त्री बन्ने देउवाको योजना छ । कांग्रेसलाई ठूलो पार्टी बनाउन वाम ध्रुवीकरण हुने वातावरण बनाउन नदिनका लागि उनी सचेत छन् । माओवादी केन्द्रका अध्यक्ष दाहाल कांग्रेससँगको समीकरणमा पार्टीलाई निर्णायक बनाउन सके प्रधानमन्त्री बन्ने अवसर आउने आँकलनमा छन् । एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको मुख्य स्वार्थ एमालेलाई कमजोर बनाउने हो ।

यी तीन ठूला दलका आ-आफ्ना स्वार्थ पूरा गर्नकै निम्ति पनि स्थानीय तहबाटै विश्वासको वातावरण बनाउनुपर्ने भएकाले चुनावी तालमेल गर्नुपरेको नेताहरु बताउँछन् ।

देउवानिकट केन्द्रीय सदस्य एनपी साउद नेपाले अपनाएको शासकीय व्यवस्थाले गठबन्धनलाई अंगीकार गरेको बताउँछन् । 'गठबन्धनबीच तालेमेल गरेनौं भने अरू कसैसँग हुन्छ, अरूसँग तालमेल हुनुभन्दा कांग्रेसले तालमेल गरेर जानु बढी श्रेयस्कर छ,' नेता साउदले भने ।

## एक्सनमा...

अभिव्यक्तिलाई लिएर आयोगले स्पष्टीकरण माग गरेको हो ।

थप नोटिस

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार, थप उलंघन नोटिसमा छन् । निर्वाचन आयोगले आचारसंहिता उल्लंघनका घटनालाई नोटिसमा राखेको भन्दै उनले आचारसंहिता उल्लंघन भए कारवाही गरिने प्रस्ट पारेको छ ।

'उलंघनका विषयलाई आयोगले नोटिस गरिरहेको छ । जसमध्ये कतिपयलाई आयोगले पत्राचार गरिसकेको छ भने कतिपयको अध्ययन भइरहेको छ', प्रवक्ता पौडेलले भने । सुरुमा उलंघनकर्ताहरुसँग बुझ्ने, स्पष्टता खोज्ने र त्यसपछि आवश्यक कारवाही गरिने आयोगले जनाएको छ ।

निर्वाचन आयोगले जुन दलको चुनाव चिह्नमा चुनाव लडेको छ सोही नै पहीचान हुने र दलीय चुनाव चिह्नमा दलको प्रतिनिधि मानिने बताएको छ । अर्थात, राप्रपा नेपालले नेकपा एमालेको सूर्य चिह्नमा चुनाव लडे आयोगले एमाले उम्मेदवारको रुपमा रेकर्ड राख्नेछ । ३० चैत २०७८ मा एमाले र कमल थापाको पार्टी राप्रपा नेपालबीच चुनावी तालमेल गर्ने सहमति भएको थियो । आगामी वैशाख ३० गते हुने स्थानीय तह चुनावका लागि संसदको सबैभन्दा ठूलो दल र भर्खरै पुनर्गठन भएको पार्टीबीच चुनावी तालमेल भएको हो ।

दुई दलको सहमति अनुसार देशभर तालमेल सम्भव भएका पालिकाहरुमा आपसी तालमेल गरेर उम्मेदवार उठाउने, आफ्नो उम्मेदवार नभएको पालिकामा एक अर्कालाई सघाउने, राप्रपा नेपालका उम्मेदवारहरुले सूर्य चिन्ह लिएर निर्वाचनमा प्रतिस्पर्धा गर्ने र निजहरु निर्वाचित भएपश्चात् पनि राप्रपा नेपालमै आवद्ध रहने भनिएको छ ।

तर राप्रपाले चाहेजस्तो सूर्य चिन्हमा चुनाव लडेर जितेपछि पनि राप्रपा नेपालको जनप्रतिनिधि हुने चाहना भने पूरा नहुने आयोगले प्रष्ट भनेको छ । आयोगले जुन दलको चुनाव चिन्हमा उम्मेदवारले आफ्नो उम्मेदवारी दिन्छन्, सो व्यक्तिलाई सोही चुनाव चिन्ह रहेको दलको व्यक्तिको रुपमा चिन्ने जनाएको छ ।

'जुन पार्टीको चुनाव चिन्ह लिएर उम्मेदवार निर्वाचित हुन्छन्, आयोगले सोही पार्टीको जनप्रतिनिधिको रुपमा रेकर्ड राख्छ' निर्वाचन आयोगको कानून तथा राजनीतिक दल महाशाखा प्रमुख सहसचिव यज्ञप्रसाद भट्टराईले भने ।

## एमालेमा...

नाम सिफारिस भएको छ । महानगर कमिटीले केन्द्रीय सदस्यहरु कृष्ण थापा, राजीब पहारी लगायत १२ जनाको नाम सिफारिस गरेको हो । तर त्यसमा सहमति जुट्न नसकेपछि चुनाव हुने भएको हो ।

अन्य महानगरमा पनि एमालेको उम्मेद्वार टुंगिन सकेको छैन । 'कतैबाट पनि आधिकारिक रुपमा उम्मेद्वारको अन्तिम नाम आएको छैन । तर प्रक्रियामा छ', केन्द्रीय कार्यालय सचिव डा.भिष्म अधिकारी भन्छन् ।

## श्रम ....

रोजगारीका लागि पठाउ ने उद्देश्यले संयुक्त अधिराज्य (बेलायत)सँग पनि द्विपक्षीय संवाद भए । सरकारले तुलनात्मकरुपमा उच्च परिश्रमक प्राप्त हुने मुलुक तथा काममा नेपालीलाई रोजगारी दिलाउन पहल गरिरह्यो । नेपाल र बेलायतबीच श्रम समझारी गर्ने तयारी अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ ।

वैदेशिक रोजगारसँग सम्बन्धित सेवा प्रवाहमा २०७७ सालमा उदाहरणीय कार्य भए । श्रम स्वीकृति लिन घन्टौं लाइन बस्नुपर्ने अवस्थाको अन्त्य गरियो । वैदेशिक रोजगार विभाग र मातहतका कार्यालयले अनलाइनबाट श्रम स्वीकृति जारी गर्न थाले । जसका कारण दैनिक कार्यालयमा हुने दुई हजारको भीडभाड शून्यमा झर्यो । वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि कार्यालयमा जानै पर्ने बाध्यतालाई हटाउँदै सरकारले गत माघ २ गतेदेखि श्रम स्वीकृति र पुनः श्रम स्वीकृति अनलाइनबाट दिन थाल्यो ।

यसअघि दैनिक एक हजार बढी सेवाग्राहीको भौतिक उपस्थितिमा सेवाप्रवाह गर्दा कर्मचारी र सेवाग्राहीबीच अनुचित आर्थिक लेनदेन हुने गुनासो आउने गरेको थियो । त्यस्तै सेवाग्राहीको चाप बढी हुँदा कर्मचारीले रातिसम्म काम गर्नुपर्ने बाध्यता थियो । अनलाइन प्रणाली शुरु गरेसँगै सेवाप्रवाहमा आउने गुनासो ठप्प भएको छ ।

यसैगरी विभागले शुक्रबारदेखि संस्थागत श्रम स्वीकृति पूर्णरुपमा अनलाइनबाट मात्रै जारी गर्ने भएको छ । श्रम स्वीकृतिसम्बन्धी सम्पूर्ण कार्य अनलाइन प्रणालीमा लगिएसँगै वैदेशिक रोजगार कार्यालय ताहाचलबाट संस्थागत श्रम स्वीकृति अनलाइनबाट मात्रै जारी गर्न लागिएको विभागले जनाएको छ । वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई 'डिजिटलाइज्ड' गर्दै आएको कार्यालयले कल्याणकारी सेवासम्बन्धी कार्य पनि अनलाइनबाटै प्रवाह गर्न थालेको छ । कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गरेको छ । कार्यालयबाट औसत प्रतिदिन एक हजार ५६५ जनाको अन्तिम श्रम स्वीकृति जारी हुने गरेको छ ।

ठगी रोकिएनन्, ठगिएकाले न्याय पाएनन् श्रम क्षेत्र सुधारमा व्यापक पहलकदमी सरकारले लिए पनि वैदेशिक रोजगारीका क्रममा हुने ठगी पूर्णतः नियन्त्रणमा आउन सकेनन् । वैदेशिक रोजगारीका नाममा सोझासाझा नेपाली ठगिइनै रहे । ठगिएकाले पनि उचित न्याय पाउन सकेनन् ।

यद्यपि, सरकारले वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्न विषेश टास्कफोर्स गठन गरी प्रहरी परिचालन गरेको छ । नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरोबाट प्रहरी नायब उपरीक्षकको नेतृत्वमा सात सदस्यीय प्रहरी टोली परिचालित भएको छ । विभागसँगको समन्वयमा टोलीले काम गर्दै आएको छ । टोलीलाई उजुरी लिने, अनुसन्धान गर्ने तथा पक्राउ गर्नेसम्मको अधिकार दिइएको छ । कोरोना महामारीका कारण विदेशबाट रोजगारी गुमाएका आएका हजारौँ नेपालीले अझै आफूले पाउनुपर्ने पारिश्रमिक प्राप्त गर्न सकेका छैनन् । यसतर्फ सरकारले कूटनीतिक पहल नगरेको उनीहरुको गुनासो छ । बिदामा आउनुभएका विष्णु कुमाल कोरोनाका कारण फर्कन नसक्दा १० वर्षको उपदानबापत जम्मा भएको रकम आफूले पाउन नसकेको गुनासो गर्छन् । यस्तै आकर्षक गन्तव्यका रुपमा मानिएको जापानमा विशिष्टकृत कामदार पठाउने समबन्धमा दुई मुलुकबीच समझदारी भएपनि अपेक्षाकृत ढंगबाट रोजगारीको ढोका खुल्न सकेन ।

प्रदेश सरकार
प्रदेश नं. १
वन वातावरण तथा भुसंरक्षण मन्त्रालय

## डिभिजन वन कार्यालय

भद्रपुर झापा

### सिलबन्दी दरभाउपत्र स्विकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति २०७९/०१/०२**

प्रस्तुत विषयमा यस कार्यालयको बार्सिक स्वीकृत कार्यक्रम अनुसार नागरीक राष्टिय दैनिक पत्रिकामा मिति २०७८/१२/१मा प्रकाशित सूचना अनुसार तोकीएको मिति र समय भित्र दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु मध्येबाट तपसिलमा उल्लेखीत दरभाउपत्र न्यूनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्विकृतीका लागी छनौट भएको व्यहोरा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) व्यवस्था बमोजिम सम्बन्धीत सबैलाई जानकारी गराइएको छ ।

**तपसिल**

| सि.नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अङ्क मू.अ.कर बाहेक | कैफियत |
|---|---|---|---|---|
| ०१ | फलपुलका विरुवा खरीद तथा ढुवानी | राजन फलफुल नर्सरी, बगवानी फार्मकटहरिया ३ रौतहट | रु.६,६२,५००।०० (अक्षरेपी छ लाख वैसठ्ठी हजार पाँच सय मात्र) | |

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय भेरी सुर्खेत

कणाली प्रदेश
बाबियाचौर, सुर्खेत

### व्यापारीक प्रयोजनका लागि विक्रि वितरण गर्न लिलाम सहमति दिइएको सूचना

**सूचना प्रकाशित मिति : २०७९।१।२**

प्रस्तुत सन्दर्भमा त्यस समुहको च.नं.२९ मिति २०७८/१२/२५ को पत्रबाट माग भई आएको र वेतान कर्णाली सब डिभिजन वन कार्यालयको च.नं. ५६ मिति २०७८/१२/२५ गतेको पत्रबाट सिफारिस साथ पेश भएको र डि.व.का. भेरी सुर्खेतको, च.नं.३६८ मिति २०७८/०१/३० गतेको संकलन सहमति अनुसार संकलन भएको विभिन्न प्रजातीको काठ मध्ये नियमानुसार आपुर्ती समितिलाई छुट्याईएको साल जातको काठ श्री जि.व.पै.आ.स.सुर्खेतको च.नं. २६ मिति २०७८/११/१३ गतेको पत्रबाट समुहलाईनै व्यवस्थापन गर्नको लागि फिर्ता भएको र समूहले माग गरेको तपसिलको साल जातको गोलिया काठ यस कार्यालयको मिति २०७८/१२/३० को निर्णयानुसार व्यापारिक प्रयोजनका लागि विक्रि वितरण गर्न सहमति दिइएको छ । समुहको स्वीकृत वन व्यवस्थापन कार्यायोजना, विधान, सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका २०७१ र प्रचलित ऐन नियमको परिधिभित्र रही नियमानुसार लिलाम बढाबढबाट विक्रि वितरण गर्न लिलाम विक्रिको २१ (एक्काईस) दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरी सो को सूचना ७ (सात) दिनभित्र डिभिजन वन कार्यालय भेरी सुर्खेत, जिल्ला मालपोत कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय, न.पा/गा.पा को कार्यालय र वेतान कर्णाली सब डिभिजन वन कार्यालयमा टाँस गर्न पठाई लिलाम विक्रिको बोलपत्रहरु डिभिजन वन कार्यालय भेरी सुर्खेत र त्यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयबाट समेत खरिद र दाखिला गर्ने अनिवार्य व्यवस्था मिलाउने गरी यो लिलाम सहमति दिइएको छ । माथि उल्लेखित प्रक्रिया नअपनाई लिलाम भएको खण्डमा र सहमति दिइएको बाहेकको वन पैदावार विक्रि गरेमा वा कुनै किसिमको अनियमितता गरेमा सो को जिम्मेवार स्वयं समूह नै हुने र कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिल**

| प्रजाती/किसिम | ग्रेड | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | A | | B | | c | | | |
| | थान | क्यू फि. | थान | क्यू फि. | थान | क्य. फि | थान | क्यू फि |
| साल गोलिया काठ | ० | ०.०० | २० | २१७.३ | ३ | १५.३२ | २३ | २३२.६२ |
| **जम्मा** | | | | | | | २३ | २३२.६२ |

बोधार्थ श्री वेतान कर्णाली सव डिभिजन वन कार्यालय सुर्खेत:- अनियमितता हुन नदिन आवश्यक व्यवस्था मिलाउने ।

## दमक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
प्रदेश नं.१, नेपाल

**नयाँ वर्ष २०७९ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाई, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
साथै दमक नगरपालिकाद्वारा नगरबासीहरुलाई उपभोक्ता हित संरक्षणमा जारी सूचना ।**

### उद्योग तथा व्यवसायका लागि :

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

# 'संविधानको रक्षाका लागि गठबन्धन'

**चितवन/मस-** नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले सत्तारुढ गठबन्धन संविधानको रक्षाका लागि बनेको बताएका छन्। चितवनमा पत्रकारसँग कुरा गर्दै उनले झण्डै दुई तिहाइ नजिकको सरकारले दुई/दुई पटक संसद् बिघटन गरेपछि बनेको गठबन्धनले संविधान रक्षाका लागि र प्राप्त उपलब्धि जोगाएको बताए।

वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा गठबन्धनका बीचमा सहमति भएको र त्यहीअनुसार कुन जिल्लामा कसरी अघि बढ्ने भन्ने विषयमा केन्द्रीय समितिले निर्णय गर्ने उनको भनाइ थियो। भरतपुर महानगरपालिकामा कसरी अघि बढ्ने भन्ने विषयमा वार्ता र छलफल भइरहेको उनले बताए। स्थानीय निर्वाचनमा तालमेल आवश्यकता र औचित्यअनुसार गरिने उनको भनाइ छ। तालमेलका लागि जिल्ला तथा क्षेत्रमा संयन्त्र बनेको भन्दै उनले महानगरको विषयमा छिट्टै टुङ्गो लगाउने बताए।



# एमाले अध्यक्ष ओलीलाई 'मेधावी योगदान पदक'

**काठमाडौं/मस-** राष्ट्रपति विद्यादेवी भण्डारीले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई विश्व स्काउट संगठन, एशिया प्रशान्त क्षेत्रको ठूलो मानिने 'मेधावी योगदान पदक' प्रदान गरेकी छन्। नेपाल स्काउटद्वारा बिहीबार आयोजित समारोहमा राष्ट्रपति भण्डारीले पूर्वप्रधानमन्त्रीसमेत रहेका ओलीलाई पदक प्रदान गरेकी हुन्।



प्रधानमन्त्री रहँदा नेपाल स्काउटको अभियान विकास, विस्तार र प्रवर्द्धनमार्फत बालबालिका तथा युवाको सर्वपक्षीय विकासमा पुऱ्याएको योगदानको कदर गर्दै ओलीलाई पदक प्रदान गरिएको हो। समारोहमा राष्ट्रपति भण्डारीले शान्तिपूर्ण राजनीतिक यात्राका क्रममा लामो जेल जीवन बिताएर मुलुकका लागि पूर्वप्रधानमन्त्री ओलीले दिएको योगदानप्रति 'मेधावी योगदान पदक' ले गौरव प्रदान गर्ने बताइन्। उनले स्वयंसेवा र अनुशासनका माध्यमबाट नेतृत्व विकास गराउन स्काउटको सान्दर्भिकता रहेको उल्लेख गर्दै नेपाली बालबालिका र युवालाई अनुशासित, जागरुक र कर्तव्यनिष्ठ बनाइ विश्वस्तरमा प्रतिस्पर्धी तुल्याउन स्काउटले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताइन्। राष्ट्रपति भण्डारीले चुनौतीको सामाना गर्दै नेपाल स्काउटले आफूलाई हरेक प्रदेश र पालिकास्तरमा विस्तार गर्न सकेकामा प्रशंसा पनि गरिन्।

पदक ग्रहणपछि अध्यक्ष ओलीले मानव कल्याणका लागि अझै गतिशील र सङ्गठित हुन स्काउटलाई आग्रह गर्दै चारित्रिक र नैतिक हिसाबले आदर्शवान समाज निर्माणमा अग्रसर हुनुपर्ने बताए। स्काउटलाई अप्ठ्याराका साथीका रुपमा उनले चित्रण गरे। नेपाल स्काउटको संरचना ७५३ वटै पालिकामा विस्तार भएको छ। बजेटमै प्रबन्ध भई देशका सबै विद्यालयमा स्काउट एकाइ सञ्चालन गर्ने कार्य थालनी भएको छ।

# नेपाल मगर संघको अध्यक्षमा ज्ञानेन्द्र पुन मगर



**दाङ/मस-** नेपाल मगर संघको अध्यक्षमा ज्ञानेन्द्र पुन मगर निर्वाचित भएका छन्। दाङको घोराहीमा चैत २५ देखि २७ गतेसम्म सम्पन्न संघको १२ औं राष्ट्रिय महाधिवेशनले पुनको अध्यक्षतामा १ सय १५ सदस्य नयाँ नेतृत्व चयन गरेका हो। संघको उपाध्यक्षमा दलबहादुर बिरकट्टा, गगबहादुर थापा, गंगा खासु मगर, वरिष्ठ उपाध्यक्षमा धनबहादुर पुन मगर, महिला उपाध्यक्षमा सीमा गर्वुजा, सीता राना, कमल पुन मगर खुला उपाध्यक्षमा गीता सारु, दलजीत रोका, रक्षबहादुर रैका, जगतबहादुर रेश्मी मगर चयन भएका छन। यस्तै संघको कोषाध्यक्षमा हिरासिह सराङकोटी र सहकोषाध्यक्षमा पूर्णबहादुर राना निर्वाचित भएका छन्। बाह्र मगरात उपाध्यक्षमा लीला राना मगर, गणेश पिठाकोटे, अठार मगरात उपाध्यक्षमा जीवन प्रवेश रोका मगर सांस्कृतिक उपाध्यक्षमा कविराज मगर चयन भएका छन्। संघको महासचिवमा टेकबहादुर नाम्जाली, उपमहासचिव संगठनतर्फ खगेन्द्र पुन, महिलातर्फ यकु थापा मगर, सविना बुढा मगर, सञ्चारतर्फ होमराज खपांगी मगर, विदेशतर्फ कमला थापा, चन्द्रज्योती आले, शारदा मगर, विशेषतर्फ जगप्रकाश बुढा चयन भएका छन्।

यसैगरी प्रशासन तर्फ मीनबहादुर दर्लामी, सावित्री थापा, मनबहादुर पुन मगर, छत्रबहादुर लुडेली, खेम पुन मगर र राजु राना चयन भएका छन्। प्रदेशतर्फ नौजना सचिव तोकिएको छ। जसमा बागमतीमा राजकुमार थापा, राजकुमार सारु, भातृ संगठनतर्फ विनिता आले, गण्डकीतर्फ लोकेन्द्र ताराङ, मधेश प्रदेशमा रामकुमार आले, लुम्बिनीमा जसबहादुर पुन, कर्णालीमा विमल सारु मगर र क्षेत्रबहादुर लुइगेली र सुदूरपश्चिममा बिन्दा थापा मगर, छत्रबहादुर घले चयन गरिएको छ।

त्यसैगरी १२ औं महाधिवेशनले सरकारसँग समावेशी लोकतन्त्रको आधारमा पूर्ण समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने, एकिकृत मगरराज स्वायत प्रदेश स्थापना हुनुपर्ने, मगरात सभ्यतालाई मगरात दर्शन र विचारका रुपमा विकास गर्ने, शैक्षिक तथा आर्थिक समृद्धिसहितको समाज विकास गर्न माग गरेको छ।

# एक करोड रुपैयाँको सामान बरामद



**झापा/रासस-** भन्सार छलेर भारतबाट नेपाल भित्र्याइँदै गरेको अवस्थामा एक करोड बराबरको अवैध सामग्री बरामद गरेको छ। प्रहरीले मङ्गलबार र बुधबार भन्सार छलेर ल्याउँदै गरको अवस्थामा बिस्कुट, सुपारी, कपडा र मोटरपार्टस् (तीन वटा गाडीसहित) गरी उक्त रकम बराबरको सामग्री बरामद गरेको हो। प्रहरीले बुधबार बिर्तामोडबाट भन्सार छलेर ल्याइएको कपडाको ठूलो रोल आठ थान, सानो रोल ३१ थान, मोटर गार्ड पाँच थान, कपडा ठूलो बोरामा दुई बोरा, मोटरपार्टस् सानो बोरामा तीन बोरा फेला पारेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वसन्त पाठकले जानकारी दिए।

गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले बिर्तामोड-४ स्थित भद्रपुर रोडबाट पार्किङ गरेर राखिएको अवस्थामा डब्लुबी ७४ पी १४५५ नम्बरको कार र को१ज २४४० नम्बरको पिकअप गाडी चेकजाँच गर्दा उक्त सामग्री बरामद भएको उनको भनाइ छ। फेला परेका दुवै गाडी र सामानको रु ४० लाख मूल्याङ्कन गरी आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय इटहरीमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

त्यस्तै प्रहरीले मङ्गलबार राति अवैध सुपारीसहित पिकअप भ्यान नियन्त्रणमा लिएको छ। बुधबारेबाट काँकडभिट्टा हुँदै तिरिङखोलातर्फ जाँदै गरेको मे१च ४९८० नंको पिकअप भेनलाई जिल्ला प्रहरी कार्यालय झापा र इलाका प्रहरी कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले जाँच गर्दा २९ बोरा सुपारी बरामद भएको थियो। भ्याट बिल नभएको रु पाँच लाख ७० हजार बराबरको सुपारी, पिकअप गाडीको रु १० लाख मूल्याङ्कन गरी आन्तरिक राजस्व कार्यालय इटहरीमा बुझाइएको छ। यस्तै प्रहरीले मङ्गलबार नै २० लाख बराबरको अवैध बिस्कुट र भारतीय कन्टेनरको २५ लाख मूल्याङ्कन गरेर मेची भन्सार कार्यालय काँकडभिट्टामा बुझाएको थियो।

नेपाल सरकार

## सहिदभूमि गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा
प्रदेश नं. १

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सुचना

सूचना पटक प्रकाशित मिति २०७९/०१/०२

यस गाउँपालिकाको मिति २०७८/११/२७ मा सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सुचनाअनुसार तोकिएको मितिसम्म पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र मुल्याकंन समितिबाट सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो सुचनाप्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र PS सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | 10-SM/NCB/ROAD/78/79 | CONSTRUCTIONOF CHAMCHA SAPTINGTAR ROAD UPGRADING WORKS( THIRD PHASE) | SARA SHRISTI NIRMAN SEWA, DHANKUTA | 27,41,225.86 | WARD -07 |
| 2, | 11-SM/NCB/ROAD/78/79 | CONSTRUCTION OF PANCHAKANYA SETICHOWK SAFAIDHAP ROAD UPGRADING WORKS( THIRD PHASE) | PUJA NIRMAN SEWA, SUNSARI | 41,65,498.80 | WARD-01 |

प्रमुख प्रशासकीय अधिकृत

## सहिदभूमि गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

पिप्ले, धनकुटा
प्रदेश नं. १, नेपाल

### बोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

मिति : २०७९/०१/०२

यस गाउँपालिकाको मिति २०७८/११/२७ मा सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार तोकिएको मितिसम्म पर्न आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्र मुल्याकंन समितिबाट सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनौट बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र PS सहित | कैफियत |
|---|---|---|---|---|---|
| १ | 10-SM/NCB/ROAD/78/79 | CONSTRUCTIONOF CHAMCHA SAPTING-TAR ROAD UPGRADING WORKS( THIRD PHASE) | SARA SHRISTI NIRMAN SEWA, DHANKUTA | 27,41,225.86 | WARD -07 |
| २ | 11-SM/NCB/ROAD/78/79 | CONSTRUCTION OF PANCHAKANYA SETI-CHOWK SAFAIDHAP ROAD UPGRADING WORKS( THIRD PHASE) | PUJA NIRMAN SEWA, SUNSARI | 41,65,498.80 | WARD-01 |

प्रमुख प्रशासकीय अधिकृत

# सामूहिक तरकारी खेतीको सफलता

**गलकोट/रासस-** केही वर्षसम्म घरधन्दामा सीमित गलकोट दुदिलाभाटीका महिला अहिले सामूहिक कृषिखेतीमा अग्रसर भएका छन्। श्रीमान्को कमाइमा निर्भर बन्दै आएका महिलाले अहिले धेरथोर रकम कमाएर घर खर्च चलाउन सफल भएका छन्।

दुई वर्षअघिदेखि गलकोट नगरपालिका-१ दुदिलाभाटीको ज्यामिरेमा आठ रोपनी जग्गा भाडामा लिएर त्यहाँका १० महिला मिलेर सामूहिक खेती सुरु गरेका थिए। गाउँमा धेरथोर निर्वाहमुखी खेती गर्दै आएका महिलाले सामूहिकरूपमा कृषिखेती गर्न थालेपछि आयआर्जनमा वृद्धि भएका मात्रै छैन, यहाँका महिला व्यावसायिक बनेका छन्।

विसं २०७६ मा मेलमिलाप एकीकृत कृषक समूह गठन गरी यहाँका महिलाले सामूहिक कृषिखेती थालेका थिए। सामूहिकरूपमा गरिएको कृषिखेतीले सफलता पाउँदै गएपछि महिलाले आधा समय सामूहिक खेती र आधा समय आफ्नो व्यक्तिगत तरकारी खेतीमा समय दिन थालेको मेलमिलाप एकीकृत कृषक समूहका अध्यक्ष सुमित्रा कार्कीले बताइन्। अहिले सामूहिकरूपमा च्याउखेती, काउली, बन्दा, टमाटरलगायतका मौसमी तथा बेमौसमी तरकारी समूहले उत्पादन गर्दै आएको छ।

'हामीले पहिला घरधन्दामात्रै गर्ने गरेका थियौं, पछि सामूहिकरूपमा गाउँमा बाँझो भएको बारीलाई भाडामा लिएर खेती थालेका थियौं', उनले भनिन्, 'दश महिलाले हप्तामा अनिवार्य दुई दिन सामूहिक कृषिखेतीमा काम गर्नुपर्ने नियम छ, अघिपछि कामको अवस्था हेरेर हुन्छ, आम्दानी वार्षिकरूपमा खर्च कटाएर बाँड्ने भनेका छौं, अहिलेसम्म आम्दानीलाई लगानी गर्दै आएका छौं, सुरुमा एक लाख २० हजारबाट शुरु भएको व्यावसायिक कृषिखेतीमा अहिले रु १८ लाख लगानी पुऱ्याइसकेका छौं।'

सामूहिक कृषिखेतीमा रैथाने बाली संरक्षणका लागि कोदोसमेत उत्पादन गर्दै आएको कार्कीको भनाइ छ। वार्षिक १८ हजार भाडा तिरेर आठ रोपनी जग्गामा गरेको सामूहिक तरकारी खेती विस्तारै सफल हुँदै गइएपछि यहाँका महिला विस्तारै जागरुक भएका छन्। यहाँका महिलाले सामूहिक खेतीसँगै व्यक्तिगतरूपमा समेत व्यावसायिक तरकारी खेती गर्दै आएका छन्। सामूहिक खेतीले महिलामा कृषिखेतीप्रतिको सोच नै बदेलेको कार्कीको भनाइ छ।

वैदेशिक रोजगारीमा गएका श्रीमतीहरूले राम्रो कमाइसमेत गर्न थालेपछि श्रीमान्हरूले समेत तरकारी खेतीलाई साथ दिएका छन्। यहाँका महिलाको व्यक्तिगत अलैंची खेतीसमेत रहेको छ। पहिला झार उम्रिएको पाखोमा अलैंचीले राम्रो आम्दानी दिन थालेको महिला बताउँछन्। सामूहिक खेतीमा सहभागीमध्ये चार महिलाले व्यक्तिगतरूपमा फार्मसमेत दर्ता गरेर मनग्य आम्दानी गर्दै आएको समूहका कोषाध्यक्ष कल्पना गुरुङले बताइन्।

समूहको सातवटा प्लाष्टिक टनेल र आठवटा व्यक्तिगतरूपमा प्लाष्टिक टनेलमा व्यावसायिक तरकारी खेती गरिरहेको महिलाहरूले जनाएका छन्। उनीहरूले सामूहिकरूपमा विसं २०७६ मा सुरुआती भएको र गत वर्षबाट मुनाफा हुन थालेको अध्यक्ष कार्कीले बताइन्।

VACANCY ANNOUNCEMENT

*We are looking below staff in our Restaurant & Hotel Traning*

- Head cook (all round)
- Assistant cook
- Kitchen Helper
- Waiter/Waiteres
- Housekeeping
- Marketing officer
- Restaurant Supervisor



Nicholas Hospitality (Restaurant & Hotel Traning)
Gangobu, Kathmandu, Contact: 015902681, 01-5904522
Email: ybudhathoki@gmail.com, info@lifelineoverseas.com

HOSPITALITY & HOTEL MANAGEMENT COURSES

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इन्स्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मुल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस्।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.




तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२ वैशाख २०७९, शुक्रबार
15 April 2022, Friday

## सम्पादकीय

## एजेण्डा– जनजिविका

स्थानीय निर्वाचन नजिकिदै दलहरू उम्मेद्वार टुंग्याउने गृहकार्यमा व्यस्त छन् । सत्ता साझेदार गठबन्धनले स्थानीय नेतृत्वलाई तालमेलमा सहमति जुटाउन ४ वैशाखसम्मको समय दिएको छ । नेतृत्वको निर्देशनपछि गठबन्धनमा रहेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाका स्थानीय नेताहरूको छलफल सघन बनेको छ । सत्ता गठबन्धनले दलीय शक्ति सन्तुलनका आधारमा तालमेल गर्ने निर्णय गरेको छ । त्यसअनुसार, गठबन्धनमा रहेका दलहरूले गएको २०७४ को निर्वाचनमा जितेको स्थानीय तहमा सोही दलका उम्मेद्वार हुनेछन् भने बाँकी दलहरूले सहयोग गर्नेछन् । विपक्षी दल नेकपा एमालेले जितेको स्थानमा भने गठबन्धनका दलहरूबीच शक्ति सन्तुलनका आधारमा तालमेल हुनेछ । एमालेले पनि उम्मेद्वार टुंग्याउने कार्यलाई तीव्र पारेको छ । कतिपय स्थानमा सर्वसहमत उम्मेद्वार चयन भएका छन् भने अधिकांश स्थानीय तहले उपल्लो कमिटीमा निर्णयार्थ सिफारिस गरेका छन् ।

आउने ३० वैशाखमा हुने स्थानीय चुनावमा मूख्यगरी एमालेविरूद्ध सत्ता गठबन्धनको प्रतिशपर्धा हुने देखिएको छ । राष्ट्रिय दल मध्ये लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले मात्रै यसपटक गठबन्धनको निर्णय गरिसकेको छनै । मुख्यगरी मधेश प्रदेशमा प्रभाव राख्ने लोसपा बाहेक दलहरू दुई ध्रबमा बाँडिसकेका छन् । कमल थापा नेतृत्वको राप्रपा नेपाल र परिवार दलले एमालेकै चुनाव चिन्ह सूर्यबाट चुनाव लड्ने सहमति गरेको छ । एकअर्का हराउनेगरी गठबन्धन गर्ने र उम्मेद्वार टुंग्याउन व्यस्त दलका नेताहरूले पनि विपक्षीलाई कमजोर बनाउनेगरी सार्वजनिक अभिव्यक्ति दिइरहेका छन् ।

विपक्षी दललाई विरोध गरेर चुनाव जित्ने प्रवृत्ति नेपालका राजनीतिको पुरानै शैली हो । राजनीतिक दलहरूको विकास नै त्यसरी भएको छ । राणा, राजा र पञ्चायतको अन्त्य गर्ने क्रममै दलहरू जन्मिएका थिए । राणा, राजा र पञ्चायतको विरोध गरेर आफूलाई राष्ट्रिय राजनीतिक शक्तिका रूपमा स्थापित गरेका दलहरूले लोकतान्त्रिक गणतन्त्रमा पनि अरूकै विरोध गर्ने संस्कृतिलाई कायमै राखे । यसअघि सम्पन्न प्रतिनिधिसभा, प्रदेशसभा र स्थानीय चुनावमा पनि विपक्षीको विरोध गरेरै दलहरूले मत पाएका थिए । त्यसैले यसपटक पनि विपक्षीलाई विरोध गर्न राजनीतिक संस्कृति मानेको देखिन्छ । जबकी चुनावमा जनताको मत पाउन उनीहरूकै एजेण्डाबारे बोल्नुपर्ने हो । तर मतदाताले पनि आफ्नो एजेण्डा भन्दा पनि राजनीतिक आरोप सुनेर आनन्द मान्ने, त्यसैआधारमा मत दिने गर्ने कमजोरी देखिन्छ । यसपटक पनि त्यही प्रवृत्ति दोहोरिने खतरा छ । जुन प्रणाली सच्याउनुको विकल्प छैन । आउने चुनावको प्रमुख एजेण्डा जनताको एजेण्डा बन्नु जरूरी छ ।

# स्थानीय निर्वाचन र काठ क्षेत्रका पालिका

*उपत्यका वरपरका नगरपालिकाहरूका वास्तविक समस्या र नगपालिकाहरूले लिएको गति प्रायः उल्टो छ । उपत्यका नजिकका नगरबस्तीहरू न शहर हो न गाउँ हो । यस क्षेत्रका अधिकांश पुरूषहरूले दैनिक रूपमा शहर भोगेका छन् भने तिनका घर र अरू परिवारहरूले विकटताको समस्या भोगिरहेका छन् । यहाँ शिक्षा, स्वस्थ्य, कृषिलगायतका विषयमा धेरै समस्याहरू छन् ।*

अग्रलेख



● डा. उद्धव पुरी

नेपालको राजनीति, नेता र कार्यकर्ताहरूको सैद्धान्तिक विचलनले गर्दा हरेक पटकको निर्वाचनमा जसले नेतृत्व हात पारे पनि जनहित र जनसवालमा कुनै उल्लेख्य परिवर्तन हुन र देख्न पाइएको छैन । यस पटकको निर्वाचनमा पनि त्यही स्वरूप देखिसकेको छ । झन विगतमा भन्दा यस पटक भिन्न-भिन्न र विलकूलै उल्टो मत मतान्तर भएका दलहरूबिच सहकार्य हुने र सहमति कायम हुने भएपछि कसैलाई वा कोही व्यक्ति विशेष वा कुनै दललाई पाखा लगाउँने बाहेक अरू कुनै सैद्धान्तिक भिन्नता खोज्नु पर्ने नै भएन । मत हाल्न कार्यकर्ता र सर्वसाधारणले राम्रोभन्दा पनि हाम्रो अनि दलको नेताको निर्देशनभन्दा अरू कुरा साच्नै परेन । त्यसले गर्दा निर्वाचित नेता र जनप्रतिनिधिले जनसवालमा हैन दलगत सहमति र कोही कसैको निजी स्वार्थमा काम गर्न कहीँ कतैबाट अवरोध हुने या जनविश्वासका लागि आफूलाई समर्पित बनाउन पनि खासै चासो भएन । किनभने टिकट प्राप्तिदेखि हारजितको विषयसम्म स्थानीय सहभागिताको त्यतिविग्न संलग्नता नै रहन पाएन । कार्यकर्ताहरु मौन रहेर आफ्नो दल र नेताको निर्देशनमा लाग्न निरिह हुनुपरेको छ भने बाँकी रहेका सर्वसाधारण आफ्नो नातागोता, साथीभाइ र किनबेचको चंगुलमा फस्न बाध्य हुनु परेको छ ।

यो परिदृश्यले नेपालभर प्रभाव पारेको छ । यसले स्थानीय तहको विकास निमार्ण र दीर्घकालीन सोचमा कम काम भएका छन् भने प्राप्त बजेटको ठूलो हिस्सा अनुत्पादन कार्यमा सकिदै गएको छ । यसले कालन्तरमा देशलाई दैवीय समस्यादेखि अरू मानवीय जोखिममा धकेल्दै छ । जसका बारेमा चासो राख्न सक्ने र देशलाई उत्पादनशिल बनाउन लागि पर्ने युवा जनशक्ति देश बाहिर पलायन हुने क्रम घट्न सकिरहेको छैन । उनीहरू हरेक पटक मतदानबाट पनि बञ्चित भैरहेका छन् । यस परिदृश्यमा काठमाडौं, ललितपुर र भक्तपुर महानगरपालिकाहरूसँग जोडिएका नव नगरपालिकाहरूको स्थिति ज्यादै विकराल बन्दै गएका छन् ।



### उपत्यकाका नवनगरपालिकाहरू

विगतको सरकारले उपत्यकाका मुख्य तीन शहर वरपरका अधिकांश गाउँपालिकाहरूलाई विभिन्न राजनैतिक स्वर्थमा समावेश गरी नगरपालिकाहरू बनाइदिएको छ । यहाँ धार्मिक, सांस्कृतिक, जातिगत, भौगोलिक वा कुनै यथार्थ अध्ययन विना नगरपालिकाहरू बनेका छन् । त्यसैले एकै नगरपालिकाभित्र धेरै कुराहरूदेखि न्यूनतम आधारभूत विषय जस्तै शिक्षा, स्वास्थ्य, आर्थिक अवस्था, खानेपानीलगायतका विषयमा ठूलो खडल छ । कतिपय स्थानमा त नगरपालिकाका लागि चाहिने न्यूनतम आधारभूत अवस्थाको नै अभाव छ । केवल जनसंख्या निर्धारणको मापडण्डलाई पूरा गर्ने मात्र प्रयत्न गरिएकाले तिनको आकारमा पनि एकरूपता छैन । एकै नगरपालिका भित्रका निम्नतम आधारभूत आवश्यक्ताका विषयहरूमा निम्नतम समानताको दायराभित्र पनि पर्न सक्दैनन् । त्यसैले नगरपालिकाले उपलब्ध गराउने सहयोग र सुविधा भन्दा पनि जनताले बेहोर्नुपर्ने कर र अरू झमेलाहरूमा वृद्धि भएको छ र सर्वसाधारणहरू यसको मारमा परेका छन् ।

### नेता र नेतृत्व

वि.सं.२०४६ साल पछि उपत्यका वरपरका सबै जसो गाउँपालिकाहरूका नेता र नेतृत्वका सम्बन्धमा लगभग एकै प्रकारका समस्याहरू रहे । केन्द्रीय रूपमा रहेको दलगत स्वर्थ, दूरदृष्टिको अभाव, व्यक्तिवादी राजनीति लगायतका समस्याहरू स्थानीय तहमा पनि देखियो । सर्वसाधारणे चाहेको नेताभन्दा पनि अधिकांश गाउँपालिकाहरूमा गुण्डागर्दी शैलीका युवाहरू राजनीतिमा प्रवेश गरे । निष्ठा र आस्थाका मानिसहरू उत्साहित रहेपनि उनीहरू विस्तारै पाखा लाग्दै गए । जग्गा जमीनको कारोबारी समूह नजानिदों तरिकाले गाउँपालिकारूमा प्रवेश गरे । जग्गा धनी र मोही मिलाउने विषयका काम नै अधिकांश गाउँपालिकाका पदाधिकारीहरूको मुख्य कार्य बन्न गयो । प्रायः सबैजसो गाउँपालिकाका पदाधिकारीहरूका लागि व्यक्तिगत आम्दानीको यो ठूलो स्रोत बन्यो । जसले उनीहरूलाई साइकलबाट गाडी चढ्ने बनायो ।

उनीहरूलाई राजनीतिमा टिकीराख्न र अरू स्वार्थगत कार्यमा लाग्न आधार बनायो । क्रमशः निर्वाचनहरूमा जे-जसरी नै उनीहरूनै उठ्ने र जित्ने हुन थाले । सर्वसाधारण मतदाताहरू डर त्रास र विकल्प विहीन हुन थाले । नगरपालिकाको निमार्ण पछि पनि यो पृष्ठभूमि यथावत रहेको देखिन्छ । नेता हुन र नेतृत्व पाउन निर्वाचन आयोगको आचार संहिताभन्दा धेरै गुणा बढी घनको चलखेल हुन थाल्यो । जुन रकम सामान्य नेताका लागि सपना जस्तै हुन थाल्यो । यस्तो कार्यमा अभ्यस्थ जुनसुकै दलका हुन् पूर्ववतः अनुहारहरू नै अहिले पनि अगाडि नै देखिएका छन् । आफूहरू जुनसुकै दलको भएपनि मेलोमतोमा आउने जाने गरिहेका छन् ।

### विकास र वास्तविकता

बहुदलीय व्यवस्थाको स्थापना पछि विशेषगरी उपत्यका वरपरका काठ क्षेत्रहरूमा धेरै उत्साह देखिएको थियो । काठ क्षेत्रका मानिसहरू जागिर र विभिन्न व्यवसायहरूमा दिन दिनै शहरी क्षेत्रमा पुग्ने भएका कारण उनीहरूमा राम्रो चेतना थियो । विकास र भोग्दै आएको असुविधामा परिवर्तन ल्याउन उनीहरू चाहन्थ्ये । ती कुरामा केही सकारात्मक संकेतहरू देखिन थालेका पनि थिए । यसले राम्रो प्रभाव देखाए पनि अधिकांश काठ क्षेत्रमा यसले छिट्टै नकात्मक प्रभाव देखाउन थाल्यो ।

माओवादी सशस्त्र युद्धले उपत्यका बाहिरका धेरै मानिसहरूलाई आफ्नो कर्म थलोबाट विस्थापित गराउन थाल्यो । प्रायः सबैजसो सुरक्षित स्थानको खोजिमा उपत्यका प्रवेश गर्न थाले । शहरी क्षेत्र अव्यवस्थित बसोबासको भीडमा परिणत हुन थाल्यो । उपत्यकामा व्यक्ति विशेषको चाहनामा हाउजिङ्ग र पलटिङ्गको अन्धाधुन्द विस्तार भयो । लेनदेनको हिसाबले सरकारी लगामबाट फुत्किएको यो क्रम केही वर्षमै उपत्यकासँग जोडिएका गाउँपालिकाहरूमा प्रवेश गरेको देखिन्छ । उत्पादनशील काठ क्षेत्रका अग्ला भागमा भएका जमीनहरू प्रायः केही धार्मिक सम्प्रदायका कब्जामा पर्न थाल्यो भने अरू जमीनहरू हाउजिङ्ग र पलटिङ्ग व्यवसायीहरूले खरिद गर्न थाले । उपत्यका वरपरका अधिकांश निजी सम्पत्ति, सार्वजनिक खोला नाला, खहरे, वनजंगल उनीहरूका कब्जामा पर्न थाले । स्थानीय तहका अधिकांश नेताहरू उनीहरूकै मतियार हुन थाले । भूमाफिया वा जग्गा कारोबारीहरूले प्राकृतिक भूबनोटलाई नै परिवर्तन गरिदिए । केही वर्षको अन्तरालमा आफ्नो गाउँ पुग्ने मानिसले हिजोको खोला नाला देख्दैन । हिजोका सार्वजनिक गौचण र पोखरी देख्दैन । हरियाली बनजंगल र बोट विरूवा देख्दैन । हेर्दा विकास भएको जस्तो देखिए पनि धेरै स्थानीयहरूको मन वा आत्मा रोएको छ । आफ्नै गाउँ घरमा उनीहरू पराई भएका छन् । विकासले स्थानीयलाई सक्षम बनाउन पर्नेमा आगामी केही पुस्ता पछि नै उनीहरूलाई कंगाल बनाउने परिपञ्च बनाइएको छ ।

### आगामी निर्वाचन र नेतृत्व

उपत्यका वरपरका प्रायः सबै नगरपालिकाहरूमा केन्द्रीय राजनीतिको सहज प्रभाव छ । केन्द्रमा रहेका प्रायः सबै दलहरूको संगठनहरू यहाँ पनि विस्तार छन् । केन्द्रमा भएका सबैखाले परिवर्तनहरू यहाँ छिट्टै पुगेको पनि देखिन्छ । तर, काठ क्षेत्रका अधिकांश मतादाताहरू विषयसँग त्यति जानकार भने देखिँदैनन् । शैक्षिक र आर्थिक स्थितिहरू त्यति मजबूत छैनन् । कामभन्दा चिया पसल गफ बढी हुने गर्दछ । अधिकांश स्थानीयहरू केही अर्ध बुज्रुकहरू जो विविध प्रकारले स्वार्थमा प्रभावित भएका हुन्छन् उनीहरूकै प्रभावमा बढी पर्दछन् । उनीहरूले नै मुख्य-मुख्य राजनैतिक दलहरूको नेतृत्व लिएका छन् । यो बहुदलीय व्यवस्थाको पुनःस्थापना पछि देखिएको लहर हो ।

काठ क्षेत्रको निर्वाचन शहरी क्षेत्रको निर्वाचन जत्तिकै खर्चिलो र अव्यवहारिक बन्दै गएको छ । जुनसुकै दलका भएपनि लाखमा हैन कडोरौमा खर्च उठ्न थालेको छ । व्यक्ति विशेष र दलगत लगानीवाट त्यो सम्भव छैन । हिजोका दिनको जस्तो इमान्दारीको राजनीति कहीँ कतैबाट भएको देखिदैन । हिजो नेता भएर कमाउन नजानेकाहरूको कुनै सम्भावना पनि देखिँदैन । केही अपवाद बाहेक अधिकांश नेताहरू नेताभई टिक्न त्यही विधि र परिधिभित्र प्रवेश गरेकै छन् । यस कार्यका लागि काठ क्षेत्रमा प्रवेश गरेका हाउजिङ्ग र पलटिङ्ग व्यवसायीहरू उनीहरूलाई संयुक्त रूपमा वा एकल रूपमा प्रभावित पार्न र फसाउन माहिर र सफल पनि छन् । तिनै हाउजिङ्ग र पलटिङ्गका व्यवसायीहरू स्थानीय तहको निर्वाचनको मुख्य निर्णायक शक्ति केन्द्र बनेर देखिन थालेका छन् । वास्तवमा उनीहरू स्थानीय तवरमा स्थायी बासिन्दा होइनन् । उनीहरूमा आफ्नो निश्चित फाइदा बाहेक अरू कुनै चासो र महत्वको विषय पनि हुँदैन । एक निश्चित अवधि पछि उनीहरू त्यहा फर्केर पनि जानुपर्दैन । अहिले वा यस पटकको निर्वाचनमा पनि प्रायः सबैजसो उपत्यका वरपरका नगरपालिकाहरूमा यस्तै परिबन्द छ । प्रायः सबै जसो नगरपालिकाहरूमा प्रायः तिनै पुराना अनुहारहरू र तिनकै सहकार्य देखिएका छन् । उनीहरूकै जित्ने सम्भावना पनि बढी छ ।

### समस्या र समाधान

उपत्यका वरपरका नगरपालिकाहरूका वास्तविक समस्या र नगपालिकाहरूले लिएको गति प्रायः उल्टो छ । उपत्यका नजिकका नगरबस्तीहरू न शहर हो न गाउँ हो । यस क्षेत्रका अधिकांश पुरूषहरूले दैनिक रूपमा शहर भोगेका छन् भने तिनका घर र अरू परिवारहरूले विकटताको समस्या भोगिरहेका छन् । यहाँ शिक्षा, स्वस्थ्य, कृषिलगायतका विषयमा धेरै समस्याहरू छन् । भएको पुर्खेली सम्पत्ति जग्गा जमीन बेचेर वा हाउजिङ्ग र पलटिङ्गको चंगुलमा फसेर नया घर बनाउनु, छोराछोरीको विबाह गर्नु, गाडी चढ्नु विकास परिवर्तन भनि बुझाइएको छ । जुन अल्पकालीन रूपमा केही सहज भएपनि दीर्घकालीन रूपमा टाट पल्टने बाटोमात्र हो । राजनैतिक परिवर्तनसँगै देखिएको यो परिबन्दले धेरै स्थानीयहरूलाई विस्थापित गराईसकेको छ । सम्भवतः आगामी केही निर्वाचन पछिको बस्तुस्थितिलाई मध्यनजर गर्ने हो भने उपत्यका वरपरका कुनै पनि नगर पालिकाकामा क्तै कृषियोग्य भूमि बाकि रहदैन । कुनै स्थानीय बासिन्दाहरूले आफ्नै कच्चापदार्थका आधारमा कुनै घरेलु उद्योग सञ्चालन गर्ने अवसर पाउदैनन् । कुनै प्राकृतिक भूमि वा सार्वजनिक जग्गामा पूर्ववत अभ्यास र आनन्द लिन पाउँदैनन् । यो वास्तविकतालाई अहिले धेरैले बुझ्न थालेका छन् । केही आवाजहरू पनि उठ्न थालेका छन् । तर, यस्ता चेत भएका मानिहरू अल्पमतमा पारिएका छन् र उनीहरू समाज विकासका बाधक भएको भनी बुझाइएको छ । केही नेताहरू त्यस्ता देखिएका छन् जसले आफूले लहै लहैमा गरेको गतिविधिहरू स्थानीय तहको विगत र आगामी दिनका लागि सही नभएको भन्ने पनि महसूस गर्न थालेका छन् । उनीहरू आफै भन्दछन् यो बाध्यता पनि हो । उनीहरू जस्ता समूहगत मानिस भेटिन्छन् त्यही अनुकूलको सहमति जनाउन खप्पिस पनि छन् । यता देखिएकै कुरा छ कि अहिले नै अधिकांश स्थानीय कतिपय नेताहरू सुविधा सम्पन्न ठाउमा ठूला-ठूला व्यापारिक वा व्यवसायी महलहरू बनाएर आफू सुरक्षित भैसकेका छन् र भइरहेका पनि छन् ।

शास्त्रले अल्पज्ञानलाई ज्यादै भयानक मानेको छ । उपत्यका वरपरका अधिकांश नगरपालिकाका बासिन्दाहरूलाई यसैमा फसाइएको छ । तिनका नेताहरू यस मामलामा ज्यादै सक्रिय छन् । हिजो रोटी खानेले आज पिज्जा खान हुँदैन भन्ने होइन । हिजो साइकल चढ्नेले आज गाडी चढ्न पाउनु हुदैन भन्ने होइन । हिजो परालले छाएको घरमा बस्नेले आज ढलान घर बनाउन पाउनु हुँदैन भन्ने होइन । तर, त्यस पछाडिको वास्तविक्ता र आगामी पुस्ताका लागि पनि त्यो निरन्तरता दिलाउन सक्नु अहिलेको पुस्ताको दायित्व हो । मरे पछि डुमै राजा भन्ने मान्यतामा हाम्रो वास्तविकता हुनु हुँदैन । स्थानीय मतदाहरूले यस्ता कुराहरूलाई बुझ्ने र बुझाउन हतार भैसकेको छ । सम्भवतः अहिलेसम्म पनि प्रायः सबैजसो नगरपालिकाहरूमा पुर्खौली बासिन्दाहरूकै मत हारजितका लागि निर्णायक मत हुन्छ । हाउजिङ्ग र पलटिङ्गलगायत गैरस्थानीय व्यवसायीहरूको क्षणिक प्रभावमा नपरी नेता चुन्न सके र चुनिएका नेतालाई व्यक्तिगत स्वार्थमा बिक्नबाट खबरदारी गर्न एकमत भएर आँट गर्नपर्ने भएको छ । वास्तवमा आफ्नै जन्मथलो र स्थानीयलाई हेर्ने, भोग्ने र विस्थापित नहुनेलाई मत दिन सहकार्य गर्न सके सकारात्मक प्रभावहरू देख्न पाइने छ । जुन मतदाता हुनुको गौरव पनि हो ।

## सामाजिक सञ्जाल




- भीम रावल

विपरीत सिद्धान्त भएका राप्रपा र परिवार दलका उम्मेदवारले एमालेको सूर्य चिन्हमा लड्ने तर, एमाले हुनु नपर्ने रे ! के सूर्य चिन्ह बिक्री हुने व्यवसायिक चिन्ह हो र ? यसलाई ठूलो ठेकेदारले ठेक्का लिएर सानो ठेकेदारलाई काम दिए जस्तो गर्न मिल्छ र ? दलीय प्रणाली र कम्युनिष्ट पार्टीको फजिती मात्र !



-दिपक ज्ञवाली

भनेपछि एमाले सूर्य चिह्न अरू पार्टीले भाडामा लिन सक्ने रहेछन् भनेर बुझे उचित ! हुन त यो काम आफूलाई स्वतन्त्र भन्ने पद्मरत्नले ३ दशक आगे एमालेले बेचेकै हो । नानीदेखिको बानी ! एमाले र राप्रपा नेपालबीच गठबन्धन, एउटै चुनाव चिह्नबाट प्रतिस्पर्धा गर्ने ।



- डा. सुन्दरी पोखरेल

कमल थापाको पार्टी सूर्य चिन्हमा चुनाव लड्ने आइडिया ठिक लाग्यो । प्रचण्ड र माधवको पार्टी पनि रूख चिन्हमा लडे हुन्छ । देउवालाई प्रधानमन्त्रीमा टिकाइ राख्ने ग्यारेन्टी गरे प्रचण्डले कांग्रेसको सभापति नै पाउँछन् । हुनत कांग्रेसको भित्री सभापति प्रचण्ड नै हुन् । अब लाजशरम छाडौं ।



- रामेश कोइराला

सन् २०१४ को लोकसभा चुनावमा आफूभन्दा धेरै जितेको बिजेपीलाई गठबन्धनको नाममा शिवसेनाले विधानसभा चुनावमा आफू १५५ मा उठेर जम्मा १२५ सिट बिजेपीलाई दिने भन्यो । बिजेपी मानेन र १२२ जितसहित ठूलो दल बन्यो तर, सेना ६३ मा सिमित भो । माग्नेले औकात नबुझे पनि दिनेले बुझे हुने । दाजु, यत्रो त्याग केका लागि ?



- नारायण शर्मा

नयाँ वर्षले समाजवादको यात्रामा अग्रसर हुन प्रेरणा मिलोस् : प्रचण्ड । टिप्पणी : अरूलाई एक पटक, प्रचण्डको परिवारमा समाजवाद फर्कीफर्की आउछ । अस्ति भर्खरै भाइलाई नियुक्ति दिँदा आयो । अल्ली दिन पछि छोरीलाई भरतपुर मेयर मनोनयनको दिन आउछ । अनि शायद प्रचण्डको समाजवाद नजिकैको नारायणी मै डुब्छ ।

# आस नभएका जनप्रतिनिधि

टिप्पणी



● अनुसा थापा

काठमाडौंका स्थानीयबासीले २०७४ सालको स्थानीय चुनावमा मतदान गरेर मेयरमा एमालेका विद्यासुन्दर शाक्यलाई विजयी बनाए । त्यसैगरी, कांग्रेसबाट उपमेयरमा हरिप्रभा खड्गी आइन् । काठमाडौं महानगरभित्रका विभिन्न वडामा थुप्रै पार्टीका वडाध्यक्षहरु आए । तर, सबै जनप्रतिनिधिहरु नालायक हुँदा आज काठमाडौं महानगर फोहोरको सहर बनेको छ । जतातत‍ै फोहोरले सर्वसाधारणको आँखा बिझाइसक्दा पनि जनप्रतिनिधि आँखा चिम्लेर बसेका छन् । एक पटक मात्र नभई पटक-पटक फोहोर व्यवस्थापन गर्न चुकेका छन् ।

पछिल्लो समय, काठमाडौंसँगै ललितपुर र भक्तपुरमा पनि फोहोर उठ्न छाडेको छ । यी तीन जिल्लामा यस्ता जनप्रतिनिधि छन् जसले पाँच वर्षको कार्यकालमा फोहोरसमेत व्यवस्थापन गर्न सकेनन् । प्रश्न उठ्छ, के फेरि पनि यीनीहरु नै दोहोरिएलान् ? आफ्नो नातेदार र पैसावाललाई टिकट दिने प्रवृत्तिका कारण यिनीहरुले टिकट नपाउलान् भन्न सकिन्न । तर, यिनीहरुले जनताबाट मत भने पाउँदैनन् । जनप्रतिनिधिको बानी व्यवहार र काम नगर्ने शैली देखेर जनताहरु आजित भइसकेका छन् । वास्तवमै भन्ने हो भने अहिले आएका उपत्यकामा भएका तीन जिल्लाका जनप्रतिनिधिहरु जनताबाट नाङ्गिइसकेका छन् ।

काम गराईले सरकारले बनाएको नियम कानुन कुल्चिएर हिँड्ने मुख्य व्यक्ति नै मेयर, उपमेयर र वडाध्यक्ष बनेको देखिन्छ । दलाली र सरकारी कर्मचारीले कागजपत्र मिलाएर व्यक्तिको नाममा लगेको सरकारी र गुठीको फिर्ता ल्याउनमा उनीहरुले चासो दिएनन् । बरु, यसमा पनि बार्गेनिङ गर्ने काम भएको स्पष्ट हुन्छ । उपत्यकामा ६ सय ३४ वटा ढुंगेधारा थियो । त्यसैगरी, कवा, पार्टीपौवा, चौतारा, मन्दिर पनि थुप्रै थिए । तर, अहिले सबै हराएका छन् ।

> जनप्रतिनिधिको बानी व्यवहार र काम शैली देखेर जनताहरू आजित छन् । ५ वर्षे कार्यकालबाट जनतामा आक्रोश मात्रै पैदा भएको छ । जनप्रतिनिधिप्रति जनतामा कुनै खालको आशा छैन ।

पहिले ढुंगेधारा भएको ठाउँमा अहिले घर बनेको छ । भएका ढुंगेधाराहरु खोजतलास गरेर सञ्चालनमा ल्याउन र थप बनाउनतिर पनि उनीहरुको ध्यान गएन् । बरु जग्गा दलालसँग मिलेर खेतीयोग्य, उब्जनीयुक्त जमिन सबै प्लटिङ्ग गरिएको छ । डाँडाकाँडामा डोजर लगाउन पनि जनप्रतिनिधिकै सहयोग भएको स्पष्ट छ । करारमा नियुक्ति गर्दा पनि आफ्नैलाई घुसाउने काम भइरहेको देखिन्छ । मर्मतसम्भार गर्ने काम पनि आफ्नै पार्टीका ठेकेदारभन्दा बाहेकलाई गएको छैन । कमशल काम गरेर ठेकेदार र जनप्रतिनिधिहरुले बाँकी बजेट सबै हत्याएका स्पष्ट हुन्छ ।

सार्वजनिक प्रमाणले भन्छ, आफै यात्रा गर्ने सरकारी गाडी किन्दा पनि जनप्रतिनिधिले कमिशन खाएका छन् । यता, कार्यालयलाई आवश्यक पर्ने सरसामान खरिद गर्दापनि आर्थिक चलखेल भएको देखिन्छ । वडाध्यक्ष, मेयरलगायत अन्यले तलबभत्ता पनि खाएका छन् । बाटो मिचेर बनाइएका घरहरुलाई नभत्काउने र एकदुई आनामा घर बनाउन नक्सा पास गरिदिने । घरधनीलाई मनलाग्दी भाडा लिन छुट दिने तर घरबहाल कर उठाउन नसक्ने । पाँच वर्षसम्म जनप्रतिनिधिहरुले एउटा सामान्य कोठा र सटरको भाडासमेत निर्धारण गर्न सकेनन् ।

उपत्यकामा बिना दर्ता सञ्चालन गर्ने व्यवसायीहरुको बोलाबाला छ । राज्यले नचिन्ने ति व्यवसायीको बोर्ड र पर्चा पम्लेटले सडक थप अव्यवस्थित छ । यता, फुटपाथमा भएका अव्यवस्थित पसलका कारण आम नागरिकलाई निकै अप्ठ्यारो परेको छ । हिँड्नका लागि बनाइएका फुटपाथ व्यापार गर्ने स्थल बनेको छ । जनप्रतिनिधिहरुले न फुटपाथ पसल हटाउन सके न उनीहरुलाई व्यवस्थित गर्न ।

मुलुकमा आर्थिक संकट आउनुमा जनप्रतिनिधिको भूमिकालाई पनि हेर्न सकिन्छ । विकास निर्माण नगर्ने तर, अपारदर्शी काम गरेको कारण प्रश्नहरु गम्भीर रुपबाटै उब्जिएका छन् । घरबहाल कर उठाउन र खेतीयोग्य जमिन बचाउन सकेको भए अर्थतन्त्रलाई यत्रो धक्का लाग्दैनथ्यो । अब पनि पैसाको आडमा चुनाव जित्छु भन्नु गलत हो । जनताले विगत पाँच वर्ष देखिसकेका छन् । अब जे गर्ने हो जनताको हातमा छ ।

# रुसको प्रमुख लडाकु पानीजहाज गम्भीररुपमा क्षतिग्रस्त

**काठमाडौं/एजेन्सी–** रुसको रक्षा मन्त्रालयले ब्ल्याक सीमामा विस्फोटक पदार्थ भण्डारण गरी तैनाथ एउटा आफ्नो सैन्य पानीजहाजमा आगलागी र विस्फोटबाट नराम्ररी क्षति भएको जनाएको छ । उसले मस्क्भा अर्थात् मस्को नामक उक्त क्षेप्यास्त्र सहितको क्रुजरका चालकदलका सदस्यहरूलाई उद्धार गरिएको र आगलागीको कारणबारे अनुसन्धान भइरहेको बताएको छ । रुसी रक्षा मन्त्रालयले आगलागीको कारणबारे केही बताएको छैन ।



यसअघि एक युक्रेनी अधिकारीले उक्त सैनिक जहाजमा दुईवटा युक्रेनी क्षेप्यास्त्र लागेको बताएका थिए । युक्रेनमा बनेको नेप्च्युन क्षेप्यास्त्र उक्त सैनिक जहाजमाथि प्रहार गरिएको बताइएको थियो । युक्रेनी राष्ट्रपतिका एक सहयोगी ओलेक्सी एरिस्ट्रोभिचले रुसी उद्धारकर्ताहरू उक्त पानीजाहाजमा पुग्न नसकिरहेको भन्दै त्यहाँ ५१० जनासम्म रहेको हुनसक्ने बताएका थिए । तर त्यसको पुष्टि भएको थिएन ।

यसअघि सीमामा रहेको एउटा टापुको प्रतिरक्षा गरिरहेका युक्रेनी सीमा रक्षकहरूसँग गरेको व्यवहारका कारण उक्त सैनिक पानीजहाजले बदनामी व्यहोरेको थिए । स्नेक आइन्यान्डमा खटिएका ती युक्रेनी सैनिकले मस्कोले गरेको आत्मसम्पर्णको मागलाई अस्वीकार गरेपछि अन्ततः तिनलाई बन्धक बनाइएको थियो ।

यसैबीच रुसी सेनाले आफ्नो भूमिमा आक्रमण भइरहे युक्रेनको राजधानीमा रहेका कमान्ड केन्द्रहरूमा हमला गर्ने चेतावनी दिएको छ । संयुक्त राज्य अमेरिकाले युक्रेनलाई थप ८० करोड अमेरिकी डलर आर्थिक सहयोगको घोषणा गरेको छ। पूर्वी युक्रेनमा रुसले 'व्यापक बनाउने ठानिएको आक्रमणसँग' जुध्न उपलब्ध गराइने उक्त सहयोग अन्तर्गत नयाँ अस्त्रहरू पनि रहने राष्ट्रपति जो बाइडनले बताएका छन् ।

राष्ट्रपति जेलेन्स्कीसँगको वार्तापछि बाइडनले संयुक्त राज्य अमेरिकाले युक्रेनलाई उसको प्रतिरक्षाका लागि निरन्तर सहयोग गरिरहने बताए। पेन्टागनका अधिकारीहरूले उनीहरूले आफ्नो अस्त्र भण्डारमा नरहेका अरू हतियारहरू युक्रेनलाई उपलब्ध गराउन साझेदारहरूसँग काम गरिरहेको जनाएका छन् ।

बाइडन प्रशासनले हालसम्म युक्रेनलाई ३ अर्ब डलर भन्दा बढीको हतियार उपलब्ध गराएको छ । रुसी आक्रमणसँग जुध्न आफ्नो देशलाई तत्कालै ठूलो परिमाणमा अस्त्रहरू चाहिएको जेलेन्स्कीले बताएका छन् । उनले भनेका छन्, 'बुचा र मारिउपोलको तस्बिरले रुसको वास्तविक उद्देश्य देखाएको छ। त्यसलाई हतियारको बलले मात्रै नियन्त्रण गर्न सकिन्छ ।'

प्रतिबद्धता जनाइएको ८० करोड अमेरिकी डलर बराबरका अस्त्रमा गोलीगट्ठा र रेडार प्रणाली पनि छन् । जसमध्ये कतिपय सञ्चालनका लागि युक्रेनी फौजहरूलाई थप तालिमको आवश्यकता पर्नेछ । पेन्टागनका प्रवक्ता जन किर्बी भन्छन्, 'सम्भवतः युक्रेनी फौजहरूले हाउइट्जर र काउन्टर अर्टिलरी रेडारका लागि थप तालिम लिनुपर्छ ।'

उनले रेडार प्रणाली सञ्चालनका लागि अप्ठेरो नभए पनि त्यो हालसम्म युक्रेनी अस्त्र भण्डारमा नरहेको बताए । हाउइट्जर छोटो ब्यारलको तोप जस्तै हो जसलाई विपक्षी घेरामा गोलाबारीका निम्ति प्रयोग गरिन्छ । अमेरिकी रक्षा मन्त्रालयका अनुसार युक्रेनलाई दिने सैन्य सहयोगमा १८ वटा हाउइट्जर र ४० हजार राउन्ड गोलीहरू हुनेछन्। त्यसबाहेक सैयौं क्षेप्यास्त्र, निशानाहरूमा उडाउन सकिने विशेष प्रकारका ड्रोनहरू पनि हुनेछन् । अमेरिकाले ११ वटा हेलिकोप्टर, सैयौं बख्तरबन्द गाडी, विभिन्न किसिमका सुरक्षाकवच र बारुदी धराप, रासायनिक, जैविक, रेडियोधर्मी र परमाणुबाट जोगिने उपकरणहरू पठाउँदैछ ।

# नेटोमा संलग्न हुनेबारे फिनल्याण्डले छिट्टै निर्णय गर्ने

**काठमाडौं/एजेन्सी–** फिनल्याण्डकी प्रधानमन्त्री सना मरिनले पश्चिमा सैन्य संगठन नेटोको सदस्यताका लागि आवेदन दिने-नदिनेबारे आफ्नो देशले अबको केही हप्तामै निर्णय लिने बताएकी छन् । स्वीडेनकी प्रधानमन्त्री माग्दालेना एन्डर्सनसँगको संयुक्त पत्रकार सम्मेलनमा फिनिस प्रधानमन्त्री मरिनले नेटो सम्बन्धी निर्णयका लागि ढिलाइ गर्नु पर्ने कुनै कारण नरहेको बताएकी हुन् ।



नेटो सम्बन्धी निर्णयले फिनल्याण्ड र रुसको सीमा क्षेत्रमा तनाव बढ्न सक्ने फिनिस संसदको भनाइसँग प्रधानमन्त्री मरिनको भनाइ मेल खाएको छ । तर सदस्यताका लागि आवदेन दिने-नदिने निर्णयमा ढिलाइ नहुने उनले उल्लेख गरेकी छन् ।

स्वीडेनले पनि नेटो सदस्यताबारे गम्भीर रुपमा सोचिरहेको प्रधानमन्त्री एन्डर्सनले बताएकी छन् । उनले आउँदो जुनको अन्तिममा हुने नेटो सम्मेलनका बेला सदस्यताका लागि आवेदन दिने तयारी गरेको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् ।

युक्रेनमाथि रुसले गरेको आक्रमणसँगै फिनल्याण्ड र स्वीडेनमा नेटो सदस्यता लिनु पर्ने पक्षमा जनमत बढेको छ । रुसले भने नेटो सदस्यतालाई लिएर पछिल्लो केही हप्तादेखि दुई देशलाई चेतावनी दिँदै आएको छ । फिनल्याण्ड र रुसबीच १३ सय ४० किलोमिटर लामो सीमा छ ।

स्वीडेन र फिनल्यान्ड नेटोमा सहभागी भए रुसले बाल्टिक समुद्री क्षेत्रमा परमाणु हमला गर्ने चेतावनी दिएको छ । बाल्टिक समुद्रलाई डेनमार्क, एस्टोनिया, फिनल्यान्ड, जर्मनी, लटिभा, लिथुआनिया, रुस, स्विडेन र उत्तर र केन्द्रीय युरोपियन प्लेनले घेरेका छन् ।

रुसको सुरक्षा परिषद्का प्रमुख डिमिट्रि मेडभेडेभले भने, 'यदि त्यसो भएमा बाल्टिक परमाणुमुक्त स्थितिमा रहन सक्दैन । त्यहाँ सन्तुलन पुनःस्थापना गर्नैपर्ने हुन्छ। यस भन्दा अगाडिसम्म रुसले त्यस्तो तरिका अपनाएको थिएन र यस्तो सोच पनि राखेको थिएन ।'

रुसको चेतावनीपछि लिथुआनियाका रक्षामन्त्रीले बाल्टिक क्षेत्रमा रुससँग पहिले नै आणविक हतियार भएको र उनीहरूले केवल सार्वजनिक रूपमा स्वीकार मात्र नगरेको आरोप लगाएका छन् । बाल्टिक समुद्र नजिक नेटोका दुई सदस्य पोल्यान्ड र लिथुआनिया पनि पर्दछन् ।

# पुटिनले तेल, ग्यास क्षेत्रको अवस्थाबारे बैठक गर्ने

**काठमाडौं/एजेन्सी–** रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार तेल र ग्यास क्षेत्रको अवस्थाको बारेमा बैठक गर्ने जनाइएको छ । बैठकको मुख्य प्रतिवेदन उपप्रधानमन्त्री अलेक्ज्याण्डर नोभाकले तयार पार्ने क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले बताएका छन् ।



युक्रेनमा रुसको विशेष सैन्य कारबाहीको प्रतिक्रियास्वरूप पश्चिमी देशहरूले रुसविरुद्ध धेरै प्रतिबन्धहरू लगाएका छन् । तिनीहरूमध्ये केहीले प्रत्यक्ष वा परोक्ष रूपमा रूसी तेल र ग्यास क्षेत्रलाई असर गरेको छ । बेलायतले रूसी ऊर्जा स्रोतहरूको आयातमा प्रतिबन्धको घोषणा गरेको छ । त्यसपछि, बेलायतले सन् २०२२ को अन्त्यसम्ममा रुसबाट तेल र तेल उत्पादनहरू आयात गर्न बन्द गर्ने घोषणा गरेको थियो। पोल्याण्डले पनि यस वर्षको अन्त्यसम्ममा रुसबाट तेल किन्न बन्द गर्न चाहन्छ ।

यद्यपि, रूसी तेल र ग्यास प्रयोग गर्न युरोपेली संघ द्वारा सम्भावित अस्वीकारको बारेमा आवधिक कथनहरूले उनीहरूको निर्यातको लागि सामान्य नकारात्मक पृष्ठभूमि सिर्जना गर्दछ । अमेरिकाको नाकाबन्दीले उस्तै प्रभाव पारेको थियो, जुन रूसी संघको लागि पनि महत्वपूर्ण बजार होइन । नतिजाको रूपमा, धेरै खरीददारहरू, सम्भावित प्रतिबन्धहरू र प्रतिष्ठा जोखिमहरू डराएर, स्वतन्त्र रूपमा रूसी ऊर्जा स्रोतहरू खरीद गर्नबाट टाढा रहने निर्णय गर्छन् ।

# लकडाउनले सांघाईको अवस्था नाजुक



**काठमाडौं/एजेन्सी–** चीनको सांघाईका २.५ करोड बासिन्दाहरु अहिले कठोर लकडाउनमा घरभित्रै थुनिएका छन् । कोभिड संक्रमण नियन्त्रण गर्न प्रशासनले लागू गरेको लकडाउन तेस्रो सातामा प्रवेश गरेसँगै सहरबासीले खाना र अन्य दैनिक आवश्यकतासमेतका लागि सघंर्ष गर्नुपर्ने स्थिति आएको छ ।

यो स्थितिमा गुजारा टार्न र बाच्न लागि सांघाईबासी प्राचिन व्यापारिक शैली 'बारटर'मा फर्किन बाध्य भएका छन् । 'बारटर' अन्तरगत आफूसँग भएको सामान देखाएर आफूलाई आवश्यक सामान उपलब्ध गराउन प्रस्ताव गरिन्छ । कठोर लकडाउनका कारणले अहिले एकातर्फ सांघाई सहरमा सामान ढुवानी गर्ने सेवा ठप्प बनेको छ भने घरघर सेवा दिने कुरियर सेवाबारे सहर प्रशासनले कुने ठोस निर्णय लिन नसक्दा सेवा प्रदायकहरु अन्योलमा छन् ।

घरघर सामान लाने सेवा अवरुद्ध हुँदा सहरबासी ठूलो समस्या परेका थिए । सांघाई सहरमा कोरोनाभाईरसको ओमिक्रोन भेरियन्ट तिव्र गतिमा फैलिन थालेपछि तीन साताअघि लकडाउन लागु गरिएको थियो । सहरमा व्यापक अभावको स्थितिमा जर्गो टार्न मानिसहरु सामान साटासाट गर्ने पुरानो शैलीमा फर्किएका हुन् ।

२६ वर्षिय हजाम केभिन लिन र उनीसँगै कोठामा बस्ने तीन साथीहरुले खानाको अभाव झेलेपछि छिमेकीको ढोका ढक्ढक्याउनु पर्यो । 'लकडाउनअघि मैले आफूलाई चाहिने भन्दा धेरै टिस्युपेपर किनेको थिएँ। कोही यी टिस्युसँग खाना विशेष तयारी चाउचाउ साट्न चाहनुहुन्छ ?' लिनले शनिबार उनी बस्ने एपार्टमेन्टका मानिसहरु रहेको एक वीच्याट ग्रुपमा यस्तो म्यासेज लेखे। लिनले म्यासेज छाडेको पाँच मिनेटभित्र एपार्टमेन्टमा बसोबास गर्ने तीन छिमेकीले विभिन्न स्वादको चाउचाउ रहेको जानकारी दिए ।

मानिसहरुबीच सामान लेनदेनको सहमति मुख्यत वीच्याटमा हुने गरेको छ । वीच्याटमा सहमति भएपछि एक पक्षले 'बारटर'को लागि सहमति जनाएको सामाग्री तिनको ढोका बाहिर राखिदिन्छन् । अर्को पक्षले आफूले दिने सहमती गरेको सामान छाडेर उक्त बस्तु आफूसँग लैजान्छन् । मानिसहरुले सबैभन्दा धेरै अनलाईन माध्यमबाट किन्न कठिन हुने ताजा तरकारी र फलफूलसँग सामान साट्न प्रस्ताव राखिरहेको देखिन्छ । त्यसबाहेक डाईपर र बेबी फर्मुलाको माग उच्च छ ।

रोचक कुरा बारटरमा नगद पैसा लिन चाहने निकै कम छन् । कयौं मानिसहरु आफूसँग भएको सामान कसैलाई चाहिएमा निःशुल्क दिने तर नगद नलिने बताइरहेका छन् । पैसाको मूल्य घटेको छ ।

'अहिले पैसाभन्दा पनि राम्रो सम्बन्ध र सम्पर्क बढी महत्वपूर्ण देखिएको छ,' सांघाई सहरमा सानो व्यवसाय चलाईरहेकी स्टेफानी गेले बताइन् । स्टेफानीजस्तै धारणा सांघाईको पुदोङ जिल्लामा बस्ने ४० वर्षकी एकाउन्टेन्ट शारोन काईले व्यक्त गरिन् ।

# शान्तिपूर्ण शक्ति हस्तान्तरणको स्वागत

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले यमनमा भएको शान्तिपूर्ण शक्ति हस्तान्तरणको स्वागत गरेको छ । सो परिषदले बुधबार उक्त शक्ति हस्तान्तरणको स्वागत गरेको समाचारमा जनाइएको छ । यहाँका राष्ट्रपतिले यमनमा गठन भएको प्रेडिसेन्सियल लिडरसिप काउन्सिल (पिएलसी) लाई आफ्नो शक्ति हस्तान्तरण गरेकामा उक्त परिषदले स्वागत गरेको बताइएको छ ।




यमनमा गहिरिँदै गएको राजनीतिक संकटको समाधानका लागि यहाँ संयुक्त राष्ट्रसंघको समन्वयमा उक्त पिएलसी गठन गरिएको छ । सो पिएलसीले यहाँका राजनीतिक दलहरुको सहभागिता र समन्वयमा राजनीतिक संकट समाधानका लागि काम गर्नेछ । यहाँ निर्वाचन गर्नका लागि पनि यही संरचनाले भूमिका खेल्ने बताइएको छ ।

संयुक्त राष्ट्रसंघले यस पिएलसीमा यमनका सबै राजनीतिक शक्तिहरुलाई समेटेर यहाँ रहेका समस्या समाधान गर्ने र उनीहरुकै सहमति र समन्वयमा काम गर्ने बताइएको छ । यहाँ केही वर्ष यतादेखि राजनीतिक संकट बढ्दै गएको छ । जसका कारण यहाँ हिंसा समेत जारी रहेको बताइएको छ ।यस पिएलसीले यहाँको द्धन्द्धको समाधानका लागि पनि एक वार्ता टोली गठन गरी यहाँका विद्रोही र विपक्षीहरुसँग वार्ता अघि बढाउने बताइएको छ ।

शान्तिपूर्ण रुपमा यहाँका समस्याहरुको समाधान गरी आगामी दिनमा उचित वातावरण निर्माण गरेर यमनका राष्ट्रपतिको निर्वाचन गर्नेसम्मको काम यस पिएलसीले गर्ने बताइएको छ ।

# अष्ट्रेलियालद्वारा १४ रुसी कम्पनीमाथि नयाँ प्रतिबन्ध



**काठमाडौं/एजेन्सी–** अष्ट्रेलिया सरकारले युक्रेनबाट तुरुन्तै आफ्नो सैन्य बल फिर्ता गर्न रुसलाई आह्वान गर्दै १४ रुसी राज्य-स्वामित्व भएका उद्यमहरू विरुद्ध लक्षित आर्थिक प्रतिबन्ध लगाएको छ ।


एक आधिकारिक विज्ञप्ति अनुसार सूचीमा यातायात कम्पनी कामज र शिपिंग कम्पनीहरू सेभमाश र युनाइटेड शिपबिल्डिङ कर्पोरेशन जस्ता रक्षा सम्बन्धित कम्पनीहरू समावेश छन् ।

प्रतिबन्धहरू इलेक्ट्रोनिक कम्पोनेन्ट कम्पनी रुजेलोक्ट्रोनिक्ससँग सम्बन्धित छ जसले रूसी इलेक्ट्रोनिक्स कम्पोनेन्टहरूको लगभग ८० प्रतिशत उत्पादन ओगट्दछ । तिनीहरू रूसी रेलवेसँग पनि सम्बन्धित छन् जुन विश्वको सबैभन्दा ठूलो यातायात कम्पनीहरू मध्ये एक हो ।

अष्ट्रेलियाली सरकारले रुसका सरकारी स्वामित्वका उद्यमहरूलाई लक्षित गरी जारी प्रतिबन्धात्मक कदमले रुसी अर्थतन्त्रलाई बढावा दिने उनीहरूको क्षमतालाई कमजोर पार्ने उद्देश्य रहेको बताएको छ ।

युक्रेनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताको लागि आफ्नो समर्थन दोहोऱ्याउँदै, अष्ट्रेलिया सरकारले रुस सरकारका लागि राजस्वका यी महत्त्वपूर्ण स्रोतहरूसँगको कारोबार रोक्न र उनीहरूले रुसमाथि दबाब बढाउँदै गएका छन् ।

# आन्ध्र प्रदेशमा आगलागी हुँदा ६ जनाको मृत्यु



**काठमाडौं/एजेन्सी–** आन्ध्र प्रदेशमा ईलुरु जिल्लाको अक्किरेड्डीगुडेममा एक रसायनिक कारखानामा आगलागीका कारण ६ जनाको मृत्यु भएको छ र १२ जना घाइते भएका छन् । घाइतेलाई अस्पताल भर्ना गरिएको छ ।

ईलुरुका प्रहरी अधिकारी देव शर्माले घाइतेको उपचार विजयवाडामा एक सरकारी अस्पतालमा भर्ना गरिएको छ । उनले बुधबार राति पोलिमर पावर बनाउने संयन्त्रको रियाक्टरमा आगलागी भएको बताए । नाइट्रिक एसिड, मोनोमेथिल चुहावट भएपछि आगालागी भएको र थुप्रै कामदार त्यसमा फसेका थिए ।

समाचार एजेन्सी पिटिआईका अनुसार सरकारी अस्पतालका डाक्टरले घाइतेमध्ये चारजनाको अवस्था निकै गम्भीर छ । मुख्यमन्त्री वाइएस जगनमोहन रेड्डीले यो घटनामाथि दुःख व्यक्त गरेका छन् । उनले मृतक परिवारलाई २५ लाख, गम्भीर रुपमा घाइतेलाई पाँच लाख र सामान्य रुपमा घाइतेलाई दुई लाख दिने घोषणा गरेका छन् ।

# बक्स अफिस समाचार

## राष्ट्रिय लोकदोहोरी महोत्सव सम्पन्न




**मध्यान्ह संवाददाता**
काठमाडौं, १ वैशाख

नेपालका सबै जाती तथा भूगोलका समेत लोक संस्कृतिको जगेर्नाका साथै लोक सांगीतिक र सांस्कृतिक पहिचानमा लाग्नेहरुलाई प्रोत्साहनसमेत गर्ने उद्देश्यका साथ गत शनिबारदेखि जारी राष्ट्रिय लोकदोहोरी महोत्सव २०७८ बिहीबार समापन भएको छ । पूर्वदेखि सुदूरपश्चिमसम्मका कला र संस्कृतिको समृश्रणका साथ आयोजना गरिएको महोत्सव बिहीबार तामझामका साथ सकिएको हो ।

खुला दोहोरी मध्ये अहिलेसम्मकै सर्वाधिक पुरस्कार राशी राखिएको यस प्रतियोगितासहितको महोत्सव सुरु हुनुअघि शनिबार माइतीघर मण्डलादेखि विभिन्न जातजातीहरुका झाँकीसहित टुँडिखेलमा प्रवेश गरेपछि उपराष्ट्रपति नन्दबहादुर पुनले उद्घाटन गरेका थिए । निजी क्षेत्रका कम्पनी डिएआर मुभिज एण्ड फिल्मस् इण्डष्ट्रिजले आयोजना गरेको यस महोत्सवको उद्घाटन गर्ने क्रममा उपराष्ट्रपति पुनले लोकगीतमा नेपालीहरु हरेक जाती, वर्ग, पेशा व्यवसाय र माटोको कथा जोडिएको बताएका थिए । उनले हाम्रो मौलिक कला तथा संस्कृति अन्तराष्ट्रियकरण भइरहेको समेत बताएका थिए ।

उद्घाटनको दिनदेखि समापनसम्म आउदा ५ चलेको प्रतियोगितात्मक महोत्सवमा कुल ६८ समूहले भाग लिएका थिए । त्यतिका समूहहरु प्रतिस्पर्धा गर्ने क्रममा प्रतियोगिताको प्रथम पुरस्कार दिलीप थापा मगर र बिमाकुमारी अनुरागी सम्मिलित गण्डकी दोहोरी साँझले हात पार्न सफल भयो । त्यसै गरी दोश्रोमा टेकराज भण्डारी र लक्ष्मी भण्डारी सम्मिलित जुनकिरी दोहोरी साँझ रहयो भने सारोज सिंखडा र सिता घिमिरे सम्मिलित रेसुंगा दोहोरी साँझ तथा सुरेन्द्र फयाली मगर र संगीता थापा मगर सम्मिलित डालीमा दोहोरी साँझ तेश्रो स्थानमा रहे । दुइ समूहको आग्रह बमोजिम सान्तवनाको प्रतिस्पर्धा नगराई आपसी सहमतिमा दुइ समूहलाई तेश्रोमा राखिएको निर्णायक समितिका संयोजक बरिष्ठ गायक पुरुषेत्तम न्यौपानेले बताए ।

पहिलो, दोश्रो र तेश्रो हुने समूहलाई क्रमश ५ लाख, ४ लाख र ३ लाख पुरस्कार वितरण गरिएको थियो । उक्त प्रतियोगितामा उत्कृष्ट गायक, उत्कृष्ट गायिका तथा अनुसाशित गायक र गायिकालाई समेत पुरस्कारको व्यवस्था गरिएको थियो ।

उद्घाटनका दिनदेखि हरेक दिनको प्रतियोगितामा एकजना विशिष्टि व्यक्तिको उपस्थिति गराईको बाँकी चार दिन नेपाल प्रहरीका पूर्व डिआइजी रमेश खरेल, वहालवाला डिआइजी बसन्त लामा, वागमती प्रदेशका वन तथा वातावरणमन्त्री विशाल खड्का तथा समापन भने वागमती प्रदेशकै खेलकुदमन्त्री रत्न ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

महोत्सवको समापनका दिन लोक सम्राट कुमार बस्नेत, बरिष्ठ लोक गायक बमबहादुर कार्की, बरिष्ठ लोक गायक, संगीतकार तथा चलचित्र निर्देशक नारायण रायमाझी, बरिष्ठ गायिका बिमाकुमारी दुरा, शिला आले, बरिष्ठ गायक शिवनारायण जोशी, मच्छेश्वर सापकोटा, ऋषि अधिकारी, नबिन ढुंगेल, टंक केसी, गीतादेवी लगायत बरिष्ठ कलाकारहरुलाई सम्मानित गरिएको थियो भने गायक गायिकाहरु बद्री पंगेनी, कृष्ण रेउले, महेन्द्र तिमल्सिना, शिरिष देवकोटा, खुमन अधिकारी, अमृत खाती, सरोज लामिछाने, भिमसेन खतिवडा, रामकुमार नेपाली, प्रकाश कटुवाल, प्रतिमा अर्याल,वैकुण्ठ महत लगायतका कलाकारहरुले आफ्नो प्रस्तुति दिएका थिए ।

यसअघि २०७६ सालका अन्तिममा काठे दोहोरी महोत्सवको आयोजना गरेको डिएआर मुभिज एण्ड फिल्मस्ले अघिल्लो वर्ष कोरोना महामारीका कारणले कार्यक्रम गर्न नसकिएको जानकारीका साथमा आगामी वर्षदेखि यो कार्यक्रमले निरन्तरता पाउने बताएको छ ।

## गायक तिर्थ परियार : मजदुरी गर्दै गीत रेकर्डिङसम्म

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १ वैशाख



गायक तिर्थ परियारको जन्म २०५८ सालमा जुम्लाको तातोपानि गाउँपालिका वडा नं ३ लिताकोटमा भयो । आमा लालसोभा दमाई र बाबु कल्छु दमईको कोखबाट दोस्रो सन्तानको रुपमा परियारले जन्म लिए । उनी ११ वर्षको उमेरदेखि गाउँघरमा गीत गाउने गर्थे । उनको गायक बन्ने रहर ठूलो थियो । तर आर्थिक अवस्था भने कमजोर थियो । यद्यपि उनको मन र आँट भने कमजोर थिएन ।

भौगोलिक हिसावले जुम्ला विकट छ । झनै विकट यहँका गाउँबस्ती । तर सोही परिवेशमा नै उनी गाउँमा गाउँमा गाउँदा गाउँदै गीत निकाल्न काठमाडौं छिरे । उनी भन्छन्, 'भने जस्तो सोचे जस्तो नहुँदो रहेछ शहर बजारमा । पैसा हुँदा मात्र खान लगाउन पाइने । गाउँमा जस्तो मागेर कहाँ पाइदो रहेछ र ।'


आफुलाई गीत निकाल्ने पैसाको समेत अभाव भएको बताउँदै उनले भने, 'मैले, होटलमा भाडा माझ्दै साँझ बिहान कोठामा गाउने गरें । कति दिन पेसा नभएर भोक भोकै सुतेको छु ।' गाडी भाडा नहुँदा हिँडेर समेत यात्रा गरेको बताउँछन् उनी । विरानो शहर नयाँ मान्छे । आफ्ना भन्ने कोही थिएनन् काठमाडौंमा । बिस्तारै चिनजान हुन थाल्यो । ऋण माग्दै जेनतेन पहिलो गीत निकाले उनले ।

अहिले सबै ऋण तिरेर खस संगीत सांस्कृतिक दर्ता गरेर भिडियो डकुमेन्ट बनाउने गरेको उनले बताए । पहिला नेपालगञ्जबाट १५ रुपैयाँ नहुँदा कोहलपुरसम्म हिँडेका दिनहरु सम्झिन्छन् उनी । अहिले आफु जस्ता कोही भेटे सयोग गर्ने गरेको उनी बताउँछन् ।

उनले अहिलेसम्म २३ वटा गीत बजारमा ल्याइसकेका छन् । दुःख गरे सुख मिल्छ भन्ने उखान आफ्नो जीवनमा मेल खाएको उनी बताउँछन् । अहिले आफ्नै खस संगीत सांस्कृतिक दर्ता गरेर भिडियो डकुमेन्ट, गीत रेकर्डिङ गरेर कलाकार उत्पादन गर्ने सक्ने भएको उनले बताए ।

## रोमान्टिक आकाश र पूजा

**काठमाडौं/मस–** फिल्म 'सम्झना बिर्सना'को पहिलो गीत सार्वजनिक भएको छ । आइतवार राजधानीमा एक कार्यक्रमका बीच सार्वजनिक गरिएको 'परेली'मा बोलको गीतमा अञ्जु पन्त र निमेष प्रधानको स्वर छ । गायक प्रधानकै शब्द तथा संगीत रहेको गीतको भिडियोमा फिल्मका मुख्य अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री पूजा शर्मा रोमान्टिक भावमा प्रस्तुत छन् ।



गीत सार्वजनिक कार्यक्रममा अभिनेता श्रेष्ठले लामो समयपछि आफ्नो फिल्म हलमा हेर्न उत्साहित रहेको बताए । सम्पूर्ण टिमले मेहनत गरेकाले फिल्म राम्रो बनेको उनको भनाई छ । त्यस्तै, पूजाले आफू निर्मात्री पनि भएकाले बाहिरी ब्यानरको फिल्ममा काम गरिरहँदा निर्माता/निर्देशकलाई सुझाव दिने गरेको बताइन् । 'सम्झना बिर्सना'ले दर्शकलाई सम्झना छोड्ने उनको विश्वास छ । पूजाले आकाशसँग काम गर्न आफूलाई कम्फर्टेबल महशुस हुने पनि बताएकी छन् । उनले भनेकी छन्, 'को-एक्टरले गर्नुपर्ने साथ-सहयोग आकाशले सधैं गर्छ । मलाई काम गर्न सजिलो लाग्ने पल र आकाशसँग नै हो । उनीहरुसँग काम गर्दा पोजेटिभ भाइब्स आउँछ । यो फिल्मले आकाशलाई थप उचाइँ दिलाउनेमा विश्वस्त छु ।' 'सम्झना बिर्सना' पूजा र आकाशको चौंथो सहकार्य हो । दार्जिलिङ, सिक्किम र नेपालको जीवन पद्दतिको प्रेमकथामा आधारित भएर निर्माण भएको फिल्मलाई आदित्य प्रधान र रेविका प्रधानले निर्माण गरेका हुन् ।


बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
जनस्वास्थ्य प्रयोगशाला, धुलिखेल, नेपाल

**रिएजेन्ट तथा केमिकल खरिदको लागि बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७९/०१/०२**

यस जनस्वास्थ्य प्रयोगशालाको लागि आवश्यक तपशिलका ल्याबोटोरि रिएजेन्ट तथा केमिकल खरिद तथा आपूर्तीको लागि योग्य बोलपत्रदाताहरुबाट राष्ट्रिय स्तरको खुल्ला बोलपत्र पक्रिया अन्तर्गत निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आव्हान गरिएको छ ।

| बोलपत्र नं. | स्लाइस नं. | बोलपत्रको विषय | बोलपत्रको जमानत रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| PHL/SQ-1/ GOODS/2078/079 | १ | Reagent Chemicals related to Beckman Coulter Access 2 Immunoassay Analyzer | ५२५०० | १००० |
| PHL/SQ-2/ GOODS/2078/079 | २ | Reagent Chemicals related to Randox Imola, Horiba pentra XLR & Protein anlyzer | ५०००० | १००० |
| PHL/SQ-3/ GOODS/2078/079 | ३ | Routine Laboratory reagent & Chemical | २५२०० | १००० |

१. प्रत्येक बोलपत्रदाताले स्लाइस बमोजिम बोलपत्र पेश गर्न सकिने व्यवस्था भएकोले बोलपत्रदातावाट एक वा एक भन्दा बढी स्लाइसहरुको लागि बोलपत्र पेश गर्न सकिने छ र सोही अनुसार छुट्टाछुट्टै स्लाइसका लागि छुटको पनि प्रस्ताव गर्न सकिने छ । मूल्याङ्कन गर्दा सोही बमोजिम छुट्टाछुट्टै मूल्याङ्कन गरिने र ठेक्का प्रदान गर्दा समग्रमा खरिद कर्तालाई न्यून मूल्य हुने हिसाबले स्लाइस वा स्लाइसहरुको समूहको लागि गरिने छ ।
२. योग्य बोलपत्रदाताले बोलपत्र फाराम खरिद गर्नको लागि कम्पनी/फर्म दर्ता प्रमाण–पत्रको प्रतिलिपी , मु.अ.कर दर्ता प्रमाण– पत्रको प्रतिलिपी ,आ.व.२०७७/७८ को कर चुक्ता प्रमाण–पत्रको प्रतिलिपी र बोलपत्र फाराम खरिदको रसिद पेश गर्नु पर्ने छ ।
३. बोलपत्रदाताले बोलपत्रको साथ स्लाइस अनुसार उल्लेखित बराबरको रकम "क" वर्गको इजाजत प्राप्त राष्ट्रिय वाणिज्य वैंकबाट जारी गरिएको बोलपत्र जमानत पेश गर्नु पर्ने छ र त्यस्तो बोलपत्र जमानत बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ४५ दिन सम्मको मान्य अवधि भएको हुनु पर्नेछ । बोलपत्र जमानत वाफतको रकम नै जम्मा गर्न चाहने बोलपत्रदाताले राष्ट्रिय वाणिज्य वैंक धुलिखूल शाखाको कोष तथा लेखा नियन्त्रक कार्यालय धुलिखूलको नाममा रहेको धरौटी खाता नं. 1040100202030000 मा जम्मा गरेको सक्कलैं वैंक भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ। बोलपत्र खरिद वाफतको रकम जनस्वास्थ्य प्रयोगशालाको कार्यालय कोड नं.३५००७३५०१३ राजश्व शिर्षक नं. १४२२९ मा एकिकृत राजश्व खाता नं.१०००१००२०००१००००मा जम्मा गरी सक्कलैं वैंक भौचर पेश गर्नु पर्नेछ ।
४. सिलवन्दी गरिएको बोलपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति२०७९/०१/१६) सम्म कार्यालय समय भित्र खरिद गरी सो को भोलिपल्ट मिति२०७८/०१/१७ गते दिनको १२ बजे भित्र दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र फारामहरु सोही दिनको २ बजे बोलपत्रदाता वा नीजको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
५. बोलपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन तोकिएको समय भित्र उपरोक्त अनुसार नै हुनेछ ।
६. बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा स्लाइस अनुसार स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
७. यस सम्वन्धी अन्य कुरा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमवली २०६४ र अन्य सम्वन्धित कानून बमोजिम हुनेछ ।
८. थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयको फोन नं. ०११४९१४४१ मा सम्पर्क गर्न सकिने छ ।



रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

